जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



व्यवसायिक कृषिले बनाउँछ सुखी ।
- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २६ • अंक ३८ • २०८१ साल असार १२ गते बुधवार (26 June, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सर्पदंश उपचार केन्द्रमा भ्रष्टाचार ठहर

**टुडे समाचारदाता**

काठमाण्डु । सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाको वडा नम्बर १ मा खोलिएको झलनाथ खनाल सर्पदंश उपचार प्रतिष्ठानमा भ्रष्टाचार भएको विशेष अदालतले ठहर गरेको छ ।

सर्पदंश उपचार केन्द्र स्थापनार्थ राज्य कोषबाट गरिएको रकम खर्चमा हिनामिना भएको विशेष अदालतले ठहर गरेको छ । पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनालका नाममा खोलिएको प्रतिष्ठानको बजेट हिनामिना गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज २१ गते मधेश प्रदेशका तत्कालीन अर्थ मन्त्री विजय कुमार यादव सहितमाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो । सो मुद्दामा विशेष अदालतले तत्कालीन मन्त्री यादव सहित पाँच जनालाई दोषी ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले मंगलबार पूर्वमन्त्री यादवसहित पाँचजनालाई दोषी ठहर गरेको छ । दोषी ठहराइएकाहरूमा प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष नीरज भण्डारी र सदस्य देवेन्द्र राय छन् ।

लालबन्दी नगरपालिकाका तत्कालीन प्रमुख मानबहादुर खड्का र मधेश प्रदेश सरकारका तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठले भने सफाइ पाएका छन् ।

अदालतले पूर्व मन्त्री यादवलाई मुख्य अभियुक्त ठहर गरेको छ । अदालतले पन्त, नवराज भण्डारी, निरज भण्डारी र रायलाई मतियारका रूपमा दोषी ठहर गरेको छ । अदालतले सबै प्रतिवादीहरूलाई दोषी ठहर गरे पनि सजाय निर्धारणका लागि असार २५ गतेका लागि पेशी तोकेको छ ।

# कुनै प्रकारको दबाबमा नपर्न कर्मचारीलाई निर्देशन

## अधिकांश योजनाहरुको काम जारी, भुक्तानीमा समस्या आउने

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश र स्थानीय तहको विकास निर्माण कार्यहरु जारी रहेकाले भुक्तानीमा समस्या आउने कार्यालय प्रमुखहरुले चिन्ता व्यक्त गर्न थालेका छन् ।

असार महिनाको ११ गते बितिसक्दा पनि भुक्तानीका लागि बिल भर्पाई पेश गर्ने संख्या निकै कम रहेको बताइन्छ । पूर्वाधार विकास कार्यालय जनकपुरधामका एकजना अधिकृतका अनुसार दिनमा २२३ जना बाहेकको भुक्तानीका लागि माग आउँदैन ।

सर्वाधिक निर्माण कार्य पूर्वाधारकै रहेको छ । सडक, भवन लगायतका निर्माण कार्यहरु समयमै सम्पन्न नभएकाले भुक्तानीको चाप अन्तिम समयमा बढ्ने देखिन्छ ।

यस वर्ष असार २४ गते मध्यरातसम्म भुक्तानीको काम हुनेछ । तर १५ गतेदेखि नै सर्भर डाउन हुन सक्ने अनुमान गरिएको छ । संघीय सरकार मातहतमा सर्भर रहेकोले देशभरीकै सरकारी कार्यालयको भुक्तानीको दबाब बढ्दा डाउन हुने गरेको लेखा अधिकृतहरुले बताउने गरेका छन् ।

अन्तिम समयमा हतार हतार काम सम्पन्न गरी भुक्तानीका लागि बिल भर्पाई बनाउने चलन नै रहेको छ । प्रदेश सरकार र स्थानीय तहमा यसप्रकारको समस्या बढी नै देखिएको छ । गत वर्ष पनि समयमा बिल भर्पाई पेश नभएको कारण केही सय योजनाको भुक्तानी हुन सकेन ।

हाल ढलान, कालोपत्रे, कलभर्ट विकास निर्माण लगायतका कामका लागि कामदारहरुको पनि अभाव भएको छ । एकैपटक धेरै काम गर्नुपर्ने भएकाले दिनरात नै मजदुरहरुले काम गरिरहेको देखिन्छ ।

सभासदहरुले वितरण गरेको योजना, अग्रीम भुक्तानी गरी लिएको काम, पालिकाहरुले बितरण गरेका कामहरु मध्ये ८० प्रतिशतको काम सम्पन्न हुन सकेको छैन । अन्तिम समयमा अधुरा कामको समेत मूल्यांकन गरी भुक्तानी दिने चलन जस्तै भइसकेको छ ।

उपभोक्ता समिति गठन गर्न पदाधिकारीहरुसित प्यान नम्बर अनिवार्य गरिएकाले पनि समस्या देखिएको छ । उपभोक्ता समिति बनाएर ठेकदारले काम गर्छन् । तर यस पटक उपभोक्ताहरुले आफ्नो भाग पहिले नै माग्न थालेको बताइन्छ । नाम सार्वजनिक नगर्ने शर्तमा एकजना ठेकेदारले भने भुक्तानी नहुँदै उपभोक्ता समितिका पदाधिकारीहरुले रकम माग्न थालेका छन् । त्यसले पनि ठूलो समस्या उत्पन्न भएको उनले बताए ।

योजनाहरुको भुक्तानीका लागि बिल नआएपछि कोष तथा लेखा नियन्त्रण कार्यालय जनकपुरले लेखा अधिकृतहरुलाई दबाबमा रकम भुक्तानी नगर्न निर्देशन दिएको छ ।

कोष तथा लेखा नियन्त्रण कार्यालय जनकपुरधामको आयोजनामा सोमबार भएको लेखा सम्बद्ध कर्मचारीहरुको भेलामा योजना र भुक्तानीको चौतर्फी निगरानी भइरहेकाले दवाव र प्रभावमा भुक्तानीको काम नगर्न निर्देशन दिएको एकजना सहभागीले बताए ।

सो भेलामा धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले कुनै पनि निकायको दबाबमा गलत किसिमले रकम भुक्तानी नगर्न निर्देशन दिँदै त्यस्तो गरेको पाइए कारबाहीमा पर्ने चेतावनी दिए ।

कोष लेखा नियन्त्रण कार्यालयका प्रमुख नवराज नेपालले अन्तिम समयमा भुक्तानी गर्न अनेक समस्या आउने गरेको बताए ।

विगतमा भुक्तानी नहुँदा प्रदेश सभाबाट छानबिन समिति गठन गरी नयाँ बजेटमा कार्यक्रम समावेश गरी भुक्तानी गरिन्थ्यो । यो वर्ष पनि समयमै सबै योजनाहरु सम्पन्न भएर समयमै भुक्तानी हुने सम्भावना नरहेको प्राविधिक कर्मचारी बताउँछन् ।










# ‘सूचना मागकर्ताको संरक्षणका लागि कानुन आवश्यक’




काठमाण्डु । राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचना मागकर्ताको संरक्षणका लागि कानुन आवश्यक रहेको बताउनुभएको छ ।

असल शासन संरक्षण मञ्चले मंगलबार आयोजना गरेको ‘सूचनाको हक कार्यान्वयनमा पत्रकारिता’ विषयक कार्यशालामा प्रमुख आयुक्त गुरुङले सूचना मागेकै कारण हाल चारजनाले फौजदारी मुद्दा खेपिरहेका र उनीहरुको न्यायका लागि आयोगले सहजीकरण गरिरहेको बताउनुभयो ।

आयोग स्थापना भएको १७ वर्षमा सम्बन्धित कार्यालयमा माग गरिएका सूचना नपाएका कारण आयोगमा नौ हजार एक सय ७० पुनरावेदन प्राप्त भएकामा ९३ प्रतिशत फर्छ्योट गरिएको उहाँले जानकारी दिनुभयो ।

‘सूचनाको हक कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका’ विषयक कार्यपत्र प्रस्तुत गर्दै प्रमुख आयुक्त गुरुङले आयोगको आदेशपश्चात् चालक अनुमतिपत्रमा भएको अनियमितता छानबिन प्रतिवेदन सार्वजनिक भएको र स्थानीय तहले गर्ने खर्चको लेखापरीक्षण प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिक गर्न महालेखापरीक्षकको कार्यालयलाई आयोगले आदेश गरेको जानकारी गराउनुभयो ।

कार्यपत्रमा जिल्ला र उच्च अदालतमा सूचना अधिकारी तोक्न र स्वतः प्रकाशनको व्यवस्था गर्न सर्वोच्च अदालतमार्फत गरिएको आदेश, त्रिभुवन विश्वविद्यालयका परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउने, सर्वोच्च अदालतबाट व्याख्यासहित आयोगको आदेशको पक्षमा फैसला, तराई-मधेसमा विभिन्न समयमा भएका आन्दोलनका विषयमा छानबिन गर्न गठित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न आदेश गरिएको उल्लेख छ ।

यस्तै, आयोगले ३३ किलो सुनसम्बन्धी अध्ययन गर्न बनेको समितिद्वारा तयार प्रतिवेदन सार्वजनिक गर्न आदेश, लगानी बोर्ड र जिएमआरबीचको अपर कर्णालीको परियोजना विकास सम्झौता (पिडिए), नेपाल-भारतबीच भएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विधान, नेपाल र चीनबीच हवाईजहाज खरिद अनुदान सम्झौता, नलसिंगाढको परामर्शदाता नियुक्तिका सूचना उपलब्ध गराउन आदेश गरेको जनाएको छ ।आयोगका प्रमुख आयुक्त गुरुङले सूचना नदिएको आधारमा हालसम्म ४३ जनालाई कारबाही भएको जानकारी दिँदै सबै सरकारी निकायले सहजरुपमा सूचना उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

राष्ट्रिय समाचार समितिका (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले खोजी पत्रकारितालाई विशेष ध्यान दिई पत्रकार सूचनाका लागि समाजमा जानुपर्नेमा जोड दिनुभयो ।‘आमसञ्चार र सूचनाको हकमा पत्रकारिता’ विषयक कार्यपत्र प्रस्तुत गर्दै उहाँले समाचारमा स्रोतको विविधता हुनुपर्ने, पत्रकारले स्थलगत समाचार सङ्कलनमा बढी ध्यान दिनुपर्ने र विविध भाषामा दक्षता भएका पत्रकारलाई सूचना लिन सहज हुने आफ्नो अनुभव सुनाउनुभयो ।

मञ्चका अध्यक्ष जयादुर्गा बुढाथोकीले सूचनाको हक कार्यान्वयनमा सञ्चारमाध्यमको प्रमुख भूमिका हुने र समाजमा सुशासन, मानवअधिकार रक्षाका लागि योगदान पुग्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको जानकारी गराउनुभयो ।कार्यक्रममा सहभागीहरुले सूचनाको हकसम्बन्धी ऐन आए पनि पत्रकारले सहजरुपमा सूचना पाउन नसकेको र सूचना दिने निकायले विभिन्न बहाना देखाउने गरेको अनुभव सुनाउनुभएको थियो ।रासस

# ‘वित्त नीतिलाई सघाउने मौद्रिक नीति आवश्यक’

काठमाण्डु । अर्थतन्त्रमा देखिएको समस्या सम्बोधन गर्ने, वित्त नीतिसँग सामञ्जस्यता हुने र आगामी आर्थिक वर्षका लागि सरकारले लिएको छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्यलाई सघाउनेगरी मौद्रिक नीति आउनुपर्नेमा विज्ञ तथा सरोकारवालाहरुले जोड दिनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले मंगलबार आयोजना भएको आगामी आर्थिक वर्षको मौद्रिक नीतिका सम्बन्धमा आयोजित छलफलमा सहभागीले सरकारको वित्त नीतिलाई सघाउने गरी केन्द्रीय बैंकले मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभएको हो । सरकारको पुँजीगत खर्च बढाउने, मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्ने, मौद्रिक नीतिमार्फत् कर्जाको माग बढाउनेगरी लचिलो नीति लिइनुपर्ने तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउने नीति अवलम्बन गरिनुपर्नेलगायतका सुझाव विज्ञ एवम् सरोकारवाला क्षेत्रबाट आएका हुन् ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारीले चालु पुँजी कर्जा मार्गदर्शन कार्यान्वयनमा कुनै समस्या नरहेको बताउनुभयो । ग्राहक संरक्षणका लागि नियामकीय र सुपरीवेक्षण भूमिका बढाउने उहाँको भनाइ छ । त्यस्तै, समस्यामा परेका व्यक्ति आफ्नो स्वार्थपूर्तिका लागि आफूअनुकूल मौद्रिक नीति आओस् भन्ने चाहिरहेको गभर्नर अधिकारीले बताउनुभयो ।

“बजारका अपेक्षा सुन्दा कसैका व्यक्तिगत र निजी समस्यालाई सबैको समस्यामा भनेर उठाएको जस्तो देखिन्छ । आफ्नो समस्याबाट उम्किन राष्ट्र बैंकतर्फ बढी आशातित भएको देखिन्छ”, गभर्नर अधिकारीले भन्नुभयो, “राष्ट्र बैंकका पनि आफ्नै सीमितता छन् । हामी नीति निर्माताको उद्देश्य कसैलाई पनि ऋणमा डुबाउने होइन । धान्न सक्नेमात्र ऋण लिने अवस्था बनाउने हो ।”

अर्थसचिव मधुकुमार मरासिनीले नीतिगत स्थिरता हुनेगरी आगामी आर्थिक वर्षको बजेट आएको बताउनुभयो । सरकारको नीति चाँडो-चाँडो परिवर्तन हुने अवस्थालाई आगामी आर्थिक वर्षको बजेटले रोक्न खोजेको उहाँको भनाइ छ । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको वित्तीय नीतिलाई समर्थन र सहयोग गर्नेगरी मौद्रिक नीति आउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फको बजेट घटाइएको, पुँजीगततर्फको बढाइएको र क्रमागत आयोजनालाई बजेट विनियोजनमा प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । “आगामी आर्थिक वर्षको बजेट पूर्वाधार निर्माणमा सिर्जित दायित्व र




बहुवर्षीय आयोजनामा केन्द्रित गरेका छौँ । कार्यान्वयनयोग्य बजेट आएकाले छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सक्नेमा आशावादी छौँ”, उहाँले भन्नुभयो, “तथ्यमा आधारित भएर बजेटका लक्ष्य निर्धारण भएका छन् । करका दर सकेसम्म कम चलाउने प्रयास गरेका छौँ ।”

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा विश्वनाथ पौडेलले पछिल्लो समय सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा समस्या बढ्दै गएको बताउनुभयो । “सार्वजनिक वित्त २०७४ सालयता निरन्तर बिग्रँदो अवस्थामा गइरहेको छ । त्यसयता सार्वजनिक ऋण अत्यधिक बढेको छ । तर त्यसको प्रतिफल देखिँदैन”, उहाँले भन्नुभयो ।

सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहेकाले सरकारको स्रोतमा पनि चाप परेको उहाँको भनाइ छ । मुलुकको आर्थिक गतिविधि बढाउन नयाँ क्षेत्र पहिचान गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो । ऊर्जा र सडक आयोजना निजी क्षेत्रलाई निर्माण गर्न दिनुपर्ने र केही महत्वपूर्ण सडक पूर्वाधार आयोजना तत्काल सम्पन्न गर्नुपर्ने उहाँको भनाइ छ । काठमाडौँ-तराई द्रुतमार्गले ढुवानी लागत घटाउने र मुद्रास्फीतिसमेत नियन्त्रण गर्न सघाउने भएकाले भएकाले यो आयोजना चाँडो निर्माण सम्पन्न गर्नुपर्ने पौडेलले बताउनुभयो । पछिल्लो समय मुलुकको अर्थतन्त्र व्यवस्थापनमा वित्तीयभन्दा मौद्रिक भूमिका बढेको जस्तो देखिएको पनि उहाँले उल्लेख गर्नुभयो ।

पुँजीबजार केही मान्छेको हातमा पुग्दा त्यसले समस्या निम्ताउनेतर्फ सहज हुनुपर्ने उहाँको भनाइ थियो । आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा धेरै चलाउने ठाउँ नरहेको उल्लेख गर्नुहुँदै पौडेलले प्राथमिकताप्राप्त क्षेत्रको कर्जा विस्तारमा टेवा पुग्ने गरी लचक नीतिको अपेक्षा गरिएको बताउनुभयो । “नीतिगत दरलगायतका मौद्रिक औजार धेरै चलाउने अवस्था छैन । अब साना तथा मझौला र कृषि क्षेत्रमा कर्जा विस्तार गर्नु अपरिहार्य भइसकेको छ । लघुवित्त संस्थाको नियमन र सुपरीवेक्षण बढाइनुपर्छ”, डा पौडेलले भन्नुभयो ।

> नीतिगत दरलगायतका मौद्रिक औजार धेरै चलाउने अवस्था छैन । अब साना तथा मझौला र कृषि क्षेत्रमा कर्जा विस्तार गर्नु अपरिहार्य भइसकेको छ । लघुवित्त संस्थाको नियमन र सुपरीवेक्षण बढाइनुपर्छ”, डा पौडेलले भन्नुभयो ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले बैंकहरुको वितरणयोग्य नाफा निकै घटेको बताउनुभयो । पछिल्लो तीन वर्षयता बैंकहरुको लगानीको प्रतिफल (आरओई) घटिरहेकाले यसबारेमा सोच्नुपर्ने बेला आएको उहाँको भनाइ थियो । बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि भौतिक आक्रमण हुन थालेको र कर्जा असूली गर्न अप्ठ्यारो भइरहेको उहाँको भनाइ छ । निर्माण क्षेत्रका ऋणीहरुको खराब कर्जा बढिरहेकाले सरकारले निर्माण व्यवसायीको भुक्तानी गर्नुपर्ने केसीले बताउनुभयो ।

“बैंकहरुको कमजोरीका कारण खराब कर्जा बढेको होइन । समग्र अर्थतन्त्रमा आएको शिथिलताले बढेको हो । अहिले बैंकहरुको खराब कर्जा तीन दशमलव ९९ प्रतिशत हाराहारी छ । जुन दक्षिण एसियाली मुलुकहरुमा श्रीलङ्का र पाकिस्तानको तुलनामा निकै कम हो”, बैंकर्स सङ्घका अध्यक्ष केसीले भन्नुभयो, “बैंकहरू ग्रीन बण्ड ल्याउनतर्फ लागिरहेकाले राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत प्रोत्साहन र सहजीकरणको नीति लिनुपछए ।”

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले निजी क्षेत्रप्रति हेर्ने सरकारको धारणामा सुधार हुन नसकेको बताउनुभयो । “निजी क्षेत्रले कर्जा दुरुपयोग गरेका छन् र उनीहरु खराब हुन भन्ने धारणा बनाइएकाले निजी क्षेत्रको पनि आत्माविश्वास बढ्न सकेको छैन । यो भाष्य परिवर्तन गर्न आवश्यक छ”, अग्रवालले भन्नुभयो । नेपाल राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएको चालु पुँजी कर्जा मार्गदर्शनका कारण पनि कर्जा विस्तारमा केही सकस भएको उहाँको भनाइ छ ।

अर्थशास्त्री डा समीर खतिवडाले खुकुलो व्यवस्थासहित वास्तविक क्षेत्रको विकास हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति आउनुपर्ने बताउनुभयो । नेपाल राष्ट्र बैंक ऐनमा केन्द्रीय बैंकको जिम्मेवारीमा बाह्य क्षेत्र सन्तुलन, मूल्य स्थायित्वलगायतका विषय राखिएको भए पनि आन्तरिक उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नेजस्ता विषयमा मौन रहेको बताउनुभयो ।

त्रिचन्द्र बहुमुखी क्याम्पसका सहप्राध्यापक सावित्रीदेवी आचार्य अधिकारीले सरकारी खर्च र लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । “सरकारको पुँजीगत खर्च बढ्न सकेमात्रै अन्य क्षेत्रबाट पनि लगानी बढ्छ । बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको र ब्याजदर घटेको बेलामा कर्जा विस्तार हुन सकेको छैन । यो विषयलाई मौद्रिक नीतिले सम्बोधन गर्न सक्नुपर्छ”, उहाँले भन्नुभयो ।

बैंकिङ क्षेत्रका विज्ञ भुवन दाहालले मुलुकको समग्र अर्थतन्त्र शिथिल भएको अवस्थामा बजार माग घटेको र निजी क्षेत्रको मनोबल खस्किएकाले कर्जा प्रवाह बढ्न नसकेको बताउनुभयो । “अहिले विदेशी मुद्राको सञ्चिति सुविधाजनक अवस्थामा छ । बैंक वित्तीय संस्थामा तरलता पर्याप्त छ । डिजिटल बैंकिङलगायतका पूर्वाधार पनि निकै राम्रो अवस्थामा छ”, उहाँले भन्नुभयो, “तर निजी क्षेत्रको मनोबल खस्किँदा कर्जा प्रवाह बढ्न सकेको छैन ।” निजी क्षेत्रमाथि राज्यले धरपकड गर्ने नभई प्रोत्साहनको नीति लिइनुपर्ने दाहालले बताउनुभयो ।

सरकारले भुक्तानी गर्नुपर्ने निर्माण व्यवसायीको रकम, कोभिड बीमाको दाबी भुक्तानी, विभिन्न अनुदान रकम भुक्तान हुनसके बजारमा रकम प्रवाह बढ्ने र त्यसले माग सिर्जना गर्ने उहाँको भनाइ छ । कार्यक्रममा नेपाल क्रेडिट रेटिङ एजेन्सीकी बिजनेस हेड वर्षा श्रेष्ठले बैंकहरुको कर्जा-निक्षेप अनुपात घट्नुपर्ने बताउनुभयो ।रासस

## कागजात हरायो

काठमाण्डौंको तिनकुनेबाट नयाँ बानेशवर जाने क्रममा मेरो निम्न व्यहोरा भएको नागरिकता, राहदानी, एसइइको मार्कशिट र कक्षा १२ को माइग्रेशन, ट्रान्सक्रिप्ट तथा सो सम्बन्धी अन्य सर्टिफिकेटहरु मिति २०८१/३/५ गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : अंकित साह**
**ठेगाना : जनकपुरधाम**
**उ.म.न.पा.–२४, धनुषा**
**SEE सिम्बोल नं. : ११२६४०६**
**SEE रजिष्ट्रेशन नं. : ७७२२००६३०००६**
**+2 रजिष्ट्रेशन नं. : V२२३/८१५९८/००१०**
**नागरिकता नं. : १७–०१–७८–०१–०१८**
**राहदानी नं. : PA१६३४५८७**
**मो.नं. : ९८४४०२२२९५/९८१४८८२६७०**

# लगानीको वातावरण बनाउन सरकारलाई सांसदहरुले गराए ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभा सांसदहरुले नेपालमा लगानीका लागि सहज वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले ‘ लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस’ भन्ने प्रस्तावमा विचार प्रस्तुत गर्दै उहाँहरुले यस विषयमा जोड दिनुभएको हो । नेपालमा लगानीका लागि सहज स्थिति नहुँदा लगानीकर्ता निरुत्साहित हुनुपरेको भन्दै उहाँहरुले यसमा लागि सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद देवेन्द्र पौडेलले लगानी सहजीकरण गर्न सुशासन, समृद्धि र समाजवादको दिशामा अगाडि बढ्न लगानी जरुरी रहेको बताउनुभयो । यसको लागि कम्तिमा दश वर्षमा निश्चित लगानी गरेर रोजगारी सिर्जना गर्ने गरी उद्योग मन्त्रालयले काम गर्न जरुरी रहेको उहाँको भनाइ छ । वन क्षेत्रमा देखिने समस्यामा सहजीकरण, खानेपानी, बिजुली र जमिनको उचित प्रवर्द्धन गरेर लगानीकर्तालाई प्रोत्साहन गर्न उहाँले उद्योगमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।



सांसद रमेश लेखकले लगानीका लागि अनुकूल वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । सांसद डा अमरेसकुमार सिंहले लगानी प्रक्रिया निष्पक्ष र सरल हुनुपर्ने बताउनुभयो । राजनीतिक अवस्था र विचौलिया प्रवृत्तिका कारण लगानी प्रभावित भइरहेको उहाँको भनाइ थियो । लगानी सहजीकरणका सम्बन्धमा सांसद गणेश पराजुली, असिम साह, नागीना यादव, जुलीकुमारी महतो (महासेठ), निशा डाँगीलगायतले धारणा राख्नुभएको थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजना : तीन महिनाभित्रै पेट्रोल पाइपलाइबाट



वीरगञ्ज। नेपाल आयल निगमले आगामी भदौ मसान्तभित्रै पेट्रोल, मट्टितेललगायत पेट्रोलियम पदार्थ पनि पाइप लाइनबाट ल्याउने गरी पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ। निगमले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको ७५ प्रतिशत काम सकिएसँगै बाँकी रहेको काम पनि आगामी तीन महिनाभित्र सम्पन्न गरेर पेट्रोल-मट्टितेल पनि पाइप लाइनबाटै ल्याउने तयारीमा जुटेको छ।

नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख बिनितमणि उपाध्यायले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणअन्तर्गतका मुख्य ट्याङ्क निर्माण सकिएकाले अन्य प्राविधिक कामलाई तीन महिनाभित्रै सम्पन्न गरेर पेट्रोल-मट्टितेल पाइप लाइनबाट ल्याइने बताउनुभयो।

"दोस्रो चरणअन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबैजसो काम सकिएका छन्", उहाँले भन्नुभयो, "परियोजनाको दोस्रो चरणअन्तर्गत ४१ सय किलोलिटर क्षमताका दुईवटा पेट्रोलका ट्याङ्क निर्माण गर्नुपर्ने थियो। अहिलेसम्म दुईवटै ट्याङ्क निर्माणको काम सम्पन्न भइसकेको छ", उहाँले भन्नुभयो, "समग्रमा अहिलेको जुन रफ्तारमा काम भइरहेको छ। सोही कायम रहेको खण्डमा तीन महिनाभित्र सम्पन्न हुनेछ।"

प्रमुख उपाध्यायले पेट्रोलियम पदार्थको भण्डारणसँग जोड्ने पाइप लाइन जडान कार्य भइरहेको बताउनुभयो। "केही सिभिलसँग सम्बन्धित र इलोक्ट्रोनिक्स र आइटीसँग सम्बन्धित काम बाँकी रहेको छ", उहाँले भन्नुभयो, "बाँकी रहेका काम पनि तीव्रगतिमा भइरहेकाले सकेसम्म भदौको दोस्रो साताभित्र सकाउने गरी काम भइरहेको छ।"

प्रमुख उपाध्यायले पेट्रोल पाइप लाइनबाट ल्याएसँगै ढुवानी खर्चमा प्रतिलिटर रु तीन कम हुने बताउनुभयो। "एकतर्फ प्रतिलिटर रु तीन ढुवानी खर्च घट्नेछ भने अर्कातर्फ वातावरण प्रदूषण पनि कम हुनेछ", उहाँले भन्नुभयो, "योसँगै वार्षिक रु एक अर्ब रकम ढुवानी भाडा जोगिनेछ।" निगमले अहिले पेट्रोल तथा मट्टितेल भारतको बरौनीबाट ट्याङ्करबाट ल्याउँदै आइरहेको छ। डिजेल भने पाइप लाइनबाटै भित्रिदै आइरहेको छ।

कार्यालयका अनुसार दुई सय ५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स ट्याङ्क निर्माण भइरहेको छ भन २४ वटा पूर्ण रूपमा स्वचालित पेट्रोल भर्ने स्टेशन निर्माणको काम भइरहेको छ। निगमले मोतीहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजना दोस्रो चरणअन्तर्गतको पूर्वाधार निर्माणका लागि भारतीय कम्पनी लिखिता इन्फ्रास्ट्रक्चर प्रालिसँग ठेक्का सम्झौता गरेको थियो। सो ठेक्का सम्झौताअनुसार कम्पनीले सन् २०२३ को डिसेम्बरमा आवश्यक पूर्वाधार निर्माणको काम सम्पन्न गर्नुपर्ने थियो। सन् २०२४ को जनवरीमा उद्घाटन गर्ने कार्यक्रम तय गरिएको तर, निर्माण कम्पनीको ढिलासुस्तीका कारण तोकिएको समयसीमाभित्र दोस्रो चरणको काम सम्पन्न हुनसकेको छैन।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति, 'ओइल वाटर स्प्रेटर', 'पिएमससिसी रुम'लगायत पूर्वाधार निर्माण भइरहेको छ। निगम र भारतीय पक्षले विभिन्न पूर्वाधार निर्माण गर्दै आइरहेका छन्। निगमले दोस्रो परियोजना कार्यान्वयनका लागि एक अर्ब ५४ करोड भारु खर्चिएर चार हजर एक सय किलोलिटर क्षमताको पेट्रोलको ट्याङ्क, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति र २४ वटा पूर्ण रूपमा स्वचालित पेट्रोल भर्ने स्टेशन निर्माण गर्दै आइरहेको छ।

त्यसैगरी इन्डियन आयल कर्पोरेशन लिमिटेडले पनि ६० करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको ट्याङ्क, दुई सय ५० किलोलिटर क्षमताको दुईवटा ट्रान्समिक्स ट्याङ्क, तीन हजार किलोलिटर क्षमताको दुईवटा फायरवाटर ट्याङ्क निर्माण गर्दै आइरहेको छ।

सन् २०१५ मा पाइप लाइन विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरेर कुल दुई अर्ब ७५ करोड भारु लाग्ने अनुमान गरिएको थियो। सो योजनाअनुसार पहिलो चरणमा भारतीय पक्षले दुई अर्ब भारु र दोस्रो चरणमा नेपालको तर्फबाट ७५ करोड भारु खर्च गर्ने योजना बनाइएको थियो।पहिलो चरणको पूर्वाधार निर्माणमा योजनामा भारतको तर्फबाट दुई अर्ब भारु खर्च भए पनि दोस्रो चरणको काम तत्कालै सुरु हुन सकेन। जसका कारण पनि दोस्रो चरणको पाइप लाइन विस्तारको लागत बढेर भारु एक अर्ब ५४ करोड पुगेको छ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति, ओइलवाटर स्प्रेटर, पिएमसिसी रुमलगायत पूर्वाधार निर्माण हुँदै आइरहेको छ। दुवै पक्षले अहिले विभिन्न पूर्वाधार निर्माण गर्दै आइरहेका छन्। पहिलो चरणको काम सम्पन्न भई विसं २०७६ भदौ २५ गतेदेखि पाइप लाइनबाट डिजेलको आयात भइरहेको निगमले जनाएको छ।रासस

# स्थापना दिवस मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल भेटेरिनरी एशोसिएसनको ५७ औँ स्थापना दिवस दीप प्रज्जवलन गरी मनाइएको छ।

एशोसिएसन मधेश प्रदेश कमिटीको आयोजनामा मंगलबार जनकपुरधाम स्थित जनक चोकमा कार्यक्रमको आयोजना गरिएको थियो।

प्रदेश अध्यक्ष डा.विनोद यादवको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा पशु चिकित्सकहरुले किसानहरुको हकहितको लागि सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा पशु चिकित्सक एवम् एशोसिएसनका सचिव डा.पवन झाले पशुपालक किसानहरुका लागि राष्ट्रिय नीति निर्माणमा भेटेरिनियनहरुले खेल्ने भूमिकामा, भेटेरिनियनहरुको दक्षता, योग्यताको विकासका लागि वरिष्ठ पशु विज्ञ एवं नया विज्ञहरु बीचको सिकाइ नै मुख्य उद्देश्य रहेको बताए।

कार्यक्रममा डा. सुमन कुमार सिंह, डा. अमर महतो, डा. जितेन्द्रकुमार साह, डा. पिंकी मण्डल, डा. रितिकेश झासहितका वक्ताहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

# पेस्तोलसहित पक्राउ



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको चुरेभेगस्थित लालबन्दी नगरपालिका-१५ स्थित बोहोरेडाँडाबाट पेस्तोलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा स्थानीय ५० वर्षीय रामलाल मोक्तान रहेको सर्लाही प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय लालबन्दीबाट प्रहरी निरीक्षक सुजन पाठकको नेतृत्वमा खटिएको लालबन्दी प्रहरीको टोली र मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट समेत खटिएको प्रहरी टोलीले मोक्तानलाई घरबाटै हतियारसहित नियन्त्रणमा लिएको छ।

मोक्तानले आफ्नै घरमा लुकाइ राखेको एक थान पेस्तोलसहित पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

आरोपी मोक्तानलाई सर्लाही जिल्ला अदालतबाट हातहतियार तथा खरखजना मुद्दामा पाँच दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको उनले बताए।

आरोपी मोक्तानलाई अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लालबन्दीको हिरासतमा राखिएको जनाइएको छ।

# होटेलमा युवक मृत फेला

**टुडे समाचारदाता**

लहान। सिरहाको धनगढीमाई नगरपालिका-१० स्थित एक होटलमा एक युवकको शव फेला परेको छ।

धनगढीमाई नगरपालिका-३ का ३२ वर्षीय प्रमोदकुमार कामती मृत अवस्थामा भेटिएको थियो।

सिरहा प्रहरीले जनाए अनुसार उनी विदेशबाट घर फर्किएकै दिन एकजना महिलासँग धनगढीमाई होटल एन्ड लजमा छिरेका थिए। तर महिला निस्किए पनि धेरै बेरसम्म उनी बाहिर ननिस्किएपछि प्रहरीलाई बोलाइएको थियो। सोमबार साँझतर्फ ढोका खोल्दा उनी मृत अवस्थामा भेटिएको र त्यसपछि प्रहरीलाई जानकारी भएको सिरहा प्रहरीले जनाएको छ।

मृतक कामतीका श्रीमतीसहित तीन छोरा र दुई छोरी रहेको सिरहा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए। सो घटना विषयमा अनुसन्धान भइरहेको उनले बताए।

# खर्च कटौतीका प्रस्ताव बहुमतबाट अस्वीकृत

काठमाण्डु। प्रतिनिधिसभाको बैठकले विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयका विनियोजित शीर्षकमाथि सांसदहरुले राख्नुभएको खर्च कटौतीका प्रस्ताव बहुमतले अस्वीकृत गरेको छ। सभाको मंगलबारको बैठकमा ३१ जना सांसदले राख्नुभएको उक्त प्रस्ताव बहुमतले अस्वीकृत गरेको हो।

यसअघि सभामुख देवराज घिमिरले खर्च कटौतीका प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो। विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकमाथि सांसद प्रेम सुवाल, डा अमरेशकुमार सिंह, बद्रीप्रसाद पाण्डेय, रमा कोइराला, सञ्जयकुमार गौतम, अजयकुमार चौरसिया, राजेन्द्रकुमार केसी, सुरेन्द्रराज आचार्य, जीवन परियार, दीलेन्द्रप्रसाद बडू, बीना लामा, रुपा विक, ज्ञानबहादुर शाही र शान्ति विकले खर्च कटौतीको प्रस्ताव राख्नुभएको थियो।

बैठकले सांसद रोशन कार्की, नागिना यादव, तेजुलाल चौधरी, मैना कार्की, राजेन्द्र बजगाईं, डा धवलशमशेर जबरा, रामहरि खतिवडा, मुक्ताकुमारी यादव, राजेन्द्रप्रसाद लिङ्देन, श्यामकुमार घिमिरे, बुद्धिमान तामाङ, हृदयराम थानी, उदयशमशेर राणा, प्रदीप पौडेल, चन्दा चौधरी, ध्रुवबहादुर प्रधान र पुष्पबहादुर शाहले राख्नुभएको खर्च कटौतीको प्रस्तावसमेत अस्वीकृत गरेको थियो।रासस


आयो करें यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।

विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)


## नेपाल राष्ट्र बैंक
### जनकपुर कार्यालय
### मौजुदा सूची सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१/०३/१२)

यस कार्यालयले अगामी आर्थिक वर्ष २०८१/८२ मा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवाका आपूर्तिकर्ताहरुको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिस्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यताका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन आवेदन पेश गर्न नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन, २०७९ समेत) को विनियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ। आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन। आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। अन्य आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ।

तपसिल

| क्र.स. | विवरण | क्र.स. | विवरण |
|---|---|---|---|
| | **(क) खरिद तथा आपूर्ति तर्फ** | | **(ख) मर्मत तथा सम्भार सेवा** |
| १. | स्टेशनरी तथा छपाई | १. | सवारी साधन मर्मत |
| २. | फर्निचर सामानहरु | २. | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनेरेटर, पंखा, पानी तान्ने मोटर, स्टेबलाइजर, वाटरकुलर, भ्याकुम क्लिनर, रेफ्रिजरेटर आदि मर्मत) |
| ३ | एयरकण्डिसनर तथा पार्टपूर्जा | ३. | प्लम्बिङ सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ४. | इलेक्टोनीक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि) | ४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि मर्मत तथा टोनर रिफिलिङ) |
| ५. | विभिन्न मेशिनरी सामानहरु तथा त्यसका पार्टपूर्जाहरु | ५. | विदेशी मुद्रा गन्ने मेशीनको Software upgrade तथा मर्मत गर्ने |
| ६. | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ सामानहरु | ६. | भवन मर्मत (झ्याल, ढोका, सीसा, जाली फिटिङ्) |
| ७. | विद्यूतीय सामग्रीहरु | ७. | फर्निचर मर्मत |
| ८. | भौतिक निर्माण (भवन, पर्खाल, कम्पाउण्ड, गेट आदि) | ८. | दराज, फाइलिङ, क्याबिनेट, ट्रंक बाकस आदि मर्मत |
| ९. | सवारी साधनको पार्टपूर्जा | ९. | कम्प्युटर नेटवर्किङ सेवा |
| १०. | विविध फुटकर सामानहरु (डिटरजेन्ट, सरसफाई, लत्ताकपडा आदि) | १०. | सि.सि.टि.भि. मर्मत सम्भार |
| ११. | ट्रंक बाकस | ११. | सौर्य उपकरण मर्मत |
| १२. | सौर्य उर्जा उपकरण | | **(ग) परामर्श सेवा** |
| १३. | पत्रपत्रिका तथा पुस्तक | १. | सिभिल इन्जिनियरिङ सेवा (निर्माण तथा मर्मतका लागि) |
| १४. | हार्डवेयर तथा फिटिङ | २. | आर्किटेक्चरल इन्जिनियरिङ सेवा |
| १५. | Fire Extinguisher रिफिलिङ समेत | | **(घ) अन्य सेवा** |
| १६. | इन्धन (डिजेल, पेट्रोल, मटितेल तथा लुब्रिकेन्टस) | १. | सवारी साधन भाडामा उपलब्ध गराउने |
| १७. | भाँडाकुडाहरु | २. | कुरियर सेवा |
| १८. | बगैंचा सम्बन्धी (बोटबिरुवा, बीउविजन, मलखाद, औषधी, औजार) | ३. | इन्टरनेट सेवा |
| | | ४. | विज्ञापन एजेन्सी सेवा |
| | | ५. | कपडा धुलाई (लण्ड्री सेवा) |


## मिथिला बिहारी नगरपालिका
### नगरकार्यपालिकाको कार्यलय
### तारापट्टी, धनुषा, मधेश प्रदेश, नेपाल
### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति २०८१।०३।१२

मिति २०८१/०२/१३ मा eGP Online मार्फत तथा जनकपुर टुडे दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमका सिलबन्दी दरभाउपत्रदाताको प्रस्ताव सारभुत रुपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कित भएकोले सिलबन्दी दरभाउपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै सिलबन्दी दरभाउपत्रदाताहरुलाई ७(सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

| सि. न. | ठेक्का नं. | सूचना प्रकाशित मिति | कामको विवरण | बोलपत्रदाताको नाम | कबोलगरेको रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| १. | MBM/ NCB/G/ 2080-081/02 | 2081/02/13 | Procurement of Supply and Delivery of Sanitary Pad | Health & Hygiene Products Pvt.Ltd., Thakurwadi Road, Biratnagar-09, Nepal | Rs. 4,81,187.04 |

प्रमुख प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## बम्जनलाई कडा सजाय हुनुपर्छ

आफूलाई भगवान बुद्धको अवतार बताउने रामबहादुर बम्जन बौद्धमार्गीबीच अत्यन्त श्रद्धाका पात्र थिए । उनलाई अहिले पनि केही मानिसहरु बुद्धको अवतार नै मान्छन् । बम्जन चर्चामा आएसँगै विवादित पनि भए । उनी चरम अयाशी र यौनदुराचारी भएको आरोपमा समेत फँसे । बम्जनले बनाएको अध्यात्म केन्द्रमा अत्यन्त विलासिताका सामानहरु राखिएको अवस्थामा प्रहरीले बरामद गरेको थियो । बारा जिल्लाको निजगढ जंगलमा बनाइएको अध्यात्म केन्द्रमा विलासिताका सबै महँगा सामानहरु राखिएको भूमिगत कोठाहरु थिए । बाहिरबाट देखिने भन्दा भित्र बम्जन विलासी र यौनदुराचारी थिए । यौनदुराचार सम्बन्धी उजुरीमाथि प्रहरीले अनुसन्धान गर्दा उनी रहने घर परिसरमा प्रवेश गर्न नै कठिनाइको सामना गर्नु परेको थियो । प्रहरी पुग्नु अगावै फरार हुन सफल बम्जनको अध्यात्म स्थलमा भने प्रहरीले खानतलाशी गर्दा अत्यन्त महँगा विलासिताका सरसामानहरु बरामद गरेको थियो । लामो समय प्रहरीलाई छल्दै लुकिछिपी बस्ने बम्जनलाई प्रहरीले पक्राउ गरी यौनदुराचार लगायतका अभियोगहरुमा अदालतमा मुद्दा दर्ता गराएको थियो । सो मुद्दामा सर्लाही जिल्ला अदालतले बम्जनलाई दोषी ठहर गरेको छ । सजाय तोक्न बाँकी छ । बम्जनलाई सामान्य व्यक्तिले गर्ने त्यस्ता अपराधको भन्दा बढी सजाय हुनुपर्छ । कानुनले तोकेको भन्दा सजायमा कमी गर्न हुँदैन । हजारौँ मानिसको धार्मिक भावनासित खेलवाड गर्दै बम्जनले उनीहरुलाई अनेक प्रकारले धोका दिएका छन् । बम्जनको कारण बौद्ध धर्मावलम्बीहरु बदनाम भएका छन् । बम्जनलाई बौद्ध भएको प्रचार प्रसार गरेर धर्मभिरुहरुलाई ठग्ने ठूलो गिरोह नै सुरुदेखि सक्रिय थिए । बम्जनलाई हरेक प्रकारले बुद्धको अवतार बताएर सर्वसाधारणहरुलाई भ्रममा पारी ठगी गर्ने गिरोहले धर्म, संस्कृति र समाजलाई पनि धोका दिएको छ । अन्य नागरिकको हकमा भन्दा बम्जनको दोष बढी नै देखिन्छ । स्वदेशका मात्र नभई विदेशी बौद्ध धर्मावलम्बीहरुको पनि उनले विश्वास जितेका थिए । विदेशबाट बौद्धमार्गीहरुले करोडौं रुपैयाँ उनलाई चन्दा भनेर पठाउँथे । महँगा विलासिताका सरसामानहरु पनि उनले मगाउने गरेका थिए । तर त्यो सबै राखेर उनले धार्मिक जीवन भन्दा विलासितापूर्ण जीवन बिताउने गरेका थिए । धर्मस्थल बनाएको परिसरमा उनले नाबालिगहरुसित यौनदुराचार समेत गर्थे । एक भन्दा एक घृणित कार्य गरेका बम्जनलाई कडा कारबाही हुनुपर्छ । जिल्ला अदालतले दोषी ठहर गरिसकेकोले उनलाई सजाय हुने निश्चित नै छ । बम्जनको धार्मिक नभई आपराधिक व्यक्ति हुन् । उनको गिरोहमा रहेकाहरुलाई पनि प्रहरीले कानुनको दायरामा ल्याउनुपर्छ ।

# विद्यार्थीले कक्षा दशपछि के पढ्ने ?



अमृतबाबु भट्ट

एसइई परीक्षामा २०८० सालमा सामेल विद्यार्थीहरू अहिले कक्षा ११ को भर्नाका लागि आफूलाई पायक पर्ने सानादेखि ठूला सहर र केन्द्रमा परामर्श लिन दौडधुप गरिरहेका छन् । विद्यार्थीका अभिभावकहरू आफ्नो नानीबाबुको पढाइ र सुन्दर भविष्यका लागि आवश्यक खर्चको जोहो गर्ने र परामर्श लिने क्रममा हुनुहुन्छ । अबको ५० हजार विद्यार्थी एसइई पास गरेर ११ कक्षामा भर्ना हुनेछन् । यस क्रममा कक्षा ११ मा के पढ्नु उपयुक्त होला ? भनी अविभावकहरूले जिज्ञासा बढ्न थालेको छ ।

**विषय छनोट कसरी गर्ने ?**

हरेक बालबालिका १० कक्षासम्मको पढाइ पूरा गर्ने क्रममा उसको लगाव प्राकृतिक विज्ञान वा सामाजिक विज्ञानमध्ये एकातिर अलि बढी भएको कुरा उसको शिक्षक, अभिभावक वा ऊ आफैँले पहिचान गरेको हुनुपर्छ । प्रकृति विज्ञानअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान आदि पर्छन् । यसले एउटा तथ्यलाई संसारभरि त्यही तथ्यका रूपमा स्वीकार्छ । जस्तो दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन मिसाउँदा त्यो नेपालमा भए पनि अमेरिकामा भए पनि पानी नै बन्छ, त्यो चाहिँ प्राकृतिक विज्ञान हो । समाज विज्ञानमा लेखा, अर्थशास्त्र, वाणिज्य शिक्षा आदि पर्दछन् । समाज विज्ञानले तथ्यलाई समयसापेक्ष बुझ्न सिकाउँछ । जस्तो नेपालको गरिबीका कारण अमेरिकाको गरिबीको कारणसँग मेल खाँदैन । त्यसैले समाज विज्ञान पढ्न पढाइसँग नेतृत्व गर्ने, व्यवस्थापन गर्ने आदि सीप विकास गर्दै लानुपर्ने हुन्छ ।

यस क्रममा विद्यार्थी कक्षा ९ र १० तिर पढिरहँदा उसले दिने सृजनात्मक उत्तर, उसले बनाउने परियोजना कार्य, कक्षाको छलफल वा उसले प्रयोग गर्ने ग्याजेटस आदिबाट थाहा पाउन पनि सकिन्छ । यदि बालबालिकाहरू बढी जागरुक छभने उसले कोरेको आफ्नो भविष्यको योजनाले समेत यसको जानकारी दिन्छ । खासगरी प्राविधिक स्वभावको बालबालिकाले प्राकृतिक विज्ञान, सामाजिक सीप जस्तैः नेतृत्व लिन चाहने, भाषाशैलीमा महत्व दिने, व्यवस्थापकीय सीपमा चाख राख्ने बच्चाहरूले समाज विज्ञान पढेको राम्रो हुन्छ ।

विशेष सीप जस्तैः सङ्गीत, हस्तकला, चित्रकला आदितिर झुकाव भएकाहरूले त्यसैअनुसारको विषय छनोट गर्न उपयुक्त हुन्छ । यी विषय छान्नुपूर्व विद्यार्थीहरूले पहिले आफ्नो जीवन खुसी हुने आदर्श पेसा कुन हो र केही गरी त्यो भएन भने दोस्रो छनोट के हो भनेर निर्धारित गर्नुपर्ने हुन्छ । त्यसका लागि १५, १६ वर्षको उमेरमा विद्यार्थीहरू पढेलेखेका अभिभावक र आफन्तहरू तथा मित्रहरूले सहयोग गुर्नपर्छ । त्यसैले कुनै पनि विद्यार्थीले आफ्नो विषय छनोट गर्दा विषयको गम्भीरता र त्यसले दिने रोजगारी आफूलाई मिल्दो, सुहाउँदो र इच्छाएको हुन्छ कि हुँदैन भन्ने विषयमा राम्ररी परिकल्पना गरेर निश्चित गर्नु उपयुक्त हुन्छ ।

**के गर्नु राम्रो हादैन ?**

हाम्रो पुरानो विश्वासका आधारमा धेरै नम्बर पाएका विद्यार्थीहरू प्राकृतिक विज्ञान पढ्ने, मेडिकल, इन्जिनियरिङ आदि गर्नुपर्ने भन्ने मान्यता राख्नु हुँदैन । कुनै पनि पेसा आफैँमा ठूलो सानो छैन । कुन तहको काममा सम्बन्ध छ भन्ने कुराले सन्तुष्टिको तहलाई फरक पार्दछ । अनावश्यक रूपमा बालबालिकालाई दसैँका टीका लगाउँदादेखि यस्तो बनोस्, उस्तो गरोस् भनेर सुनाउन आफैँमा घुमाउरो पाराले अभिभावकको इच्छालाई विद्यार्थीको भविष्यमा मुखरित गरिएको हो । यो आफैँमा घातक छ । कुनै पनि विद्यार्थीलाई सानो उमेरमै विज्ञान पढ्ने होला तिमीले, उसले-उसले यो पढेर यसो गर्‍यो आदि कुरा गर्नु हुँदैन । किनकि त्यस्तो गर्दा विद्यार्थीको वास्तविक क्षमता भएको क्षेत्र पहिचान नै गर्न सक्दैन ।

**मानिस स्वभावतः** ठूलो देखिन खोज्ने प्राणी हो । बालकालिकालाई हामीले विज्ञान ठूलो हो भन्ने प्रभाव दिँदा धेरै बालबालिकाहरूले आफू अरुहरूभन्दा ठूलो देखिनका लागि नै विज्ञान पढ्ने निधो गर्दछन् । यो अन्ततोगत्वा गलत हुन्छ । त्यस्तै कतिपय अवस्थामा बच्चाहरूलाई तिमीलाई जुन राम्रो लाग्छ, त्यही पढ भन्छौँ । यो पनि बच्चालाई आज राम्रो लागेको कुरा सधैँ राम्रो नलाग्न सक्छ । उसको कलिलो उमेरले त्यो सबै निर्णय गराउन पनि उपयुक्त हुँदैन । त्यसका लागि विज्ञहरूको परामर्श चाहिन्छ ।

> एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कूल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरुले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ ।

बालबालिकाले विषय छनोट केका आधारमा गरेको हो, त्यसै अनुसार विज्ञले परामर्श दिनु उपयुक्त हुन्छ । धेरै जस्तो अवस्थामा बालबालिका साथीभाइ जता जान्छन् र जे पढ्छन्, त्यसै गर्छु भनी आफ्नो निर्णय साथीलाई गर्न दिन्छ । यो अत्यन्त प्रत्युत्पादक हुन्छ ।

त्यसैले कोही पनि बालबालिकाले विषय छनोट गर्दा भविष्यको पेसाको कमाई, सुरक्षा, नाम प्रतिष्ठा, पहिचान, बुबाआमाको इच्छा, देश प्रेम, समाजको आवश्यकतामध्ये कुन आधारमा गरेको छ भनी विज्ञसँग बसेर छलफल गर्नु उपयुक्त हुन्छ । केही विद्यार्थी तथा अभिभावकहरू अहिलेलाई विज्ञान पढ्दै गरौँ र पछि जता पनि जान पाइन्छ भन्ने खालको तर्क पनि गर्नुहुन्छ । कक्षा ११ मा पुग्दा फेरि नेपाली र अङ्ग्रेजीबाहेक अरू सबै विषयको विकल्प छ । आफू जाने पेसा र विषयलाई कम ध्यान दिएर अन्य विषयवस्तुलाई बढी समय दिइराख्नु पनि तर्कसङ्गत छैन ।

**प्रायः** कक्षा १० सम्म विद्यार्थीको लगाव छुट्याउन नसकेका अभिभावकहरू यो मतमा आउनुहुन्छ, त्यो त्यति हितकारी छैन । केही अभिभावक विज्ञान गाह्रो विषय हो र त्यो पढेर पछि अरू विषय पढ्न सजिलो हुन्छ । त्यसैले अहिले विज्ञान नै पढ्दै गरोस् भन्ने तर्क दिनुहुन्छ । यो तर्क झट्ट हेर्दा सही हो कि जस्तो लागे पनि यस तर्कले विद्यार्थीको भावनालाई प्रतिनिधित्व कदापि गर्दैन । यसमा अभिभावकको विचारको हाबी देखिन्छ । केही अभिभावक र विद्यार्थीहरू कुन विषय पढ्दा विदेश जान सजिलो हुन्छ भनी प्रश्न गर्ने गर्नुहन्छ ।

खासगरी विकसित देशहरूमा शिक्षा दिने तरिका ज्यादै फरक छ । उनीहरू अन्डर ग्राजुयट तहसम्म विद्यार्थीलाई सामान्य र धेरै विषय पढाउँछन्, दर्शनशास्त्रलाई धेरै महत्व दिन्छन् । विषय छनोटमा व्यापक लचकता दिन्छन् । त्यसैले हाम्रो पाठ्यक्रम उनीहरूको भन्दा नितान्त फरक हो । विदेश जानलाई कक्षा ११ को यो वा त्यो विषयले तात्विक फरक पार्दैन । कति अभिभावकहरू परामर्शमा आउँदा घुमाउरो हिसाबले आफ्नो बालबालिकाले डाक्टर, इन्जिनियर पढोस् भन्ने चाहनुहुन्छ । यसको कारण सोध्दा उहाँहरूको आफ्नो स्वार्थ देखिन्छ । कतै न कतै डाक्टरको इन्जिनियरको मामा, काका, आमाबुबा हुने स्वार्थ त्यसमा देखिनु सही हुँदैन किनकि कोही पनि विद्यार्थीले अभिभावकको स्वार्थलाई त्यति महत्व दिएको पाइँदैन ।

कतिपय अभिभावकहरू सबैभन्दा राम्रो विषय के हो ? भनी सोध्नुहुन्छ, यसको उत्तर के हुन सक्छ ? विषयहरू गुणात्मक रूपमा प्रस्तुत गर्न मिल्दैन, सानो ठूलो विषय भन्ने हुँदै हुँदैन । कुनै विषयलाई कुन तहसम्म अध्ययन गरियो र कस्तो जनशक्ति तयार भयो भन्ने कुरा नै प्रमुख हुन्छ ।

**के गर्नुपर्छ ?**

विसं २०८० को एसइईको नतिजा केही दिनभित्रै आउँदैछ । हामीसँग जति बाँकी दिनहरू छन्, ती दिनहरूमा विद्यार्थीलाई विभिन्न पेसाका बारेमा खोज अध्ययन गर्न लगाऊँ । विद्यार्थी कहिलेकाहीँ आफू सेतो कोट लगाएर मेडिकल डाक्टरको काम गरेको, कहिले नीलो कोट लगाएर प्रशासक बनेको, कहिले कालो कोट लगाएर न्याय तथा कानुन सेवामा काम गरेको, कहिले बैङ्कर भएको, कहिले प्रोफेसर भएको, कहिले फौजी सेवा, कहिले व्यापार-व्यवसाय आदिमा काम गरेको कल्पना गर्न लगाऊँ । सम्बन्धित त्यस्ता ठाउँहरूमा पुर्‍याएर कामको प्रकृति देखाऊँ, कामको अनुभूति पनि गराऊँ । तिमी १० वर्षपछि कुन काम गरिरहेको सपना देख्छौ भनी उसको बानी व्यवहार र रुचि निश्चित रूपमा पहिचान गर्न सक्यौँ भने उसले पहिले पेसा छनोट गर्न सक्छ । एउटा विद्यार्थीले पहिले आफ्नो पेसा छनोट गरोस् । अनि उक्त पेसालाई चाहिने विषय छनोट गरोस् । त्यसपछि उक्त विषय पढाउने संस्था छनोट गरोस् । संस्था छनोट गर्दा पनि केही सावधानी अवश्य अपनाओस् ।

**सामान्यतया:** विद्यार्थीलाई अभिभावकहरूले कलेज हेरेर आऊ भनी पठाउनुहुन्छ, जब ऊ कलेज छनोट गर्न आउँछ, उसँग खासै केही प्रश्न हुँदैनन् । **प्रायः** विद्यार्थीले सोध्ने गर्छन्, "यो कलेज कस्तो छ ?" खासगरी कुनै पनि संस्थामा गएर यो संस्था कस्तो छ भनी सोध्दा के उत्तर आउँछ ? त्यसैले कलेज छनोट गर्न अभिभावकहरूले पनि विद्यार्थीसँगै जानुपर्छ र संस्थाको स्थायित्व, विगतको परीक्षाको परिणाम, पढिरहेका वा पढाइसकेका विद्यार्थीहरूको उदाहरण र सफलता, खर्च, पढाइको वातावरण, शिक्षक शिक्षिका र कर्मचारीको स्थायित्व र क्षमता, पूर्वाधार, लगानीकर्ता आदि पक्षको राम्रो तुलनात्मक अध्यापन गरेर मात्र निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । कुनै संस्थाले अस्वाभाविक रूपमा अधिक खर्च लिँदैमा वा न्यून खर्चमा पढाइदिन्छ भन्दैमा वा खर्चको हिसाबमा मात्र शैक्षिक संस्थालाई राम्रो वा नराम्रो भन्नु गलत हुन्छ । कहिलेकाहीँ अस्वाभाविक ज्यादा मूल्यले पनि उपभोक्तालाई आकर्षण गरेको देखिन्छ । खासगरी यस समयमा कलिला विद्यार्थीहरूलाई राम्रो परामर्शदाता, विषयविज्ञ, अनुभवी र दक्ष मानव संसाधनविद्को परामर्शमा डोर्‍याउनु अति आवश्यक हुन्छ ।

**निष्कर्ष**

एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कूल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रुचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई समेत उपयुक्त हुनेमा ध्यान दिनुपर्छ । यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुर्‍याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ । यसरी विषय र संस्थाको छनोट गरे विद्यार्थीको अध्ययन सही मार्गमा प्रवेश गरेसँगै उसको भविष्यको पेसागत गन्तव्य सहज बन्छ र अभिभावकको लगानीको सदुपयोग हुन गई उनीहरूको मनोकाङ्क्षा पनि पूर्ण हुन्छ । (लेखक काठमाडौँ बर्नहार्ट स्कूल/कलेजका प्रिन्सिपल हुनुहुन्छ)रासस

# जागिर छोडेर किताब रोजेपछि...



मधु शाही

किताबै किताबको चाङ्गबाट उहाँ बाहिर निस्किनुभयो । कोट, पाइन्ट र ढाका टोपीमा चिटिक्क हुनुहुन्थ्यो । हातमा थान पुस्तक समाउँदै भन्नुभयो, "यो चाहीँ जापानी विदेश मन्त्रीलाई उपहार दिन छानेको छु ।" वैशाख महिनाको कुरा हो । जमलस्थित मण्डला बुक प्वाइन्टका प्रमुख माधवलाल महर्जनको पुस्तक पसलमा जापानकी विदेशमन्त्री योको कामीकावाकोले नेपाली लेखकका पुस्तक खरिद गर्नुभएको थियो । यति मात्रै होइन, छोटो समयमा महर्जनले विदेशमन्त्रीसँग नेपाली लेखक र पुस्तकको महत्वबारे सुनाउने मौका पाउनुभएको थियो । महर्जनका अनुसार पुस्तक पसल खोलेर कमाएको ठूलो धन भनेको सम्बन्ध नै हो ।

धेरैले उहाँलाई व्यङ्ग्य गर्दै भन्ने पनि गर्छन्, "पसल चलेपछि धनि भयौं ।" तर, उहाँ धनको भन्दा सम्बन्धको महत्व प्राथमिकतामा राख्नुहुन्छ ।

यसअघि पुस्तक पसलमा तत्कालीन पाकिस्तानका प्रधानमन्त्री बेनजिर भुट्टोले दुई घन्टा पसलमै किताबहरुसँग बिताएको उहाँले सम्झनुहुन्छ । अझै पसलमा बसेर पाठक घन्टौं समय बिताएको उहाँलाई निकै मनपर्छ ।

हुन त साँघुरो पसल छ । पाठकले सोचे जस्तो पढ्ने वातावरण मण्डला बुक्स प्वाइन्टमा पाउन सकेका छैनन् । तर, आएका पाठक देखेर हार्दिकता भाव व्यक्ति गर्न भने माधव निकै सिपालु हुनुहुन्छ । "म पाठकलाई पूजा गर्छु", उहाँ भन्नुहुन्छ, "सकेसम्म पसलमा टिकाइरहन पाएहुन्थ्यो भन्ने लाग्छ ।"किताब व्यापारसँग उहाँको साइनो पुरानो छ । लगभग पाँच दशक पुरानो । बिहानै नित्यकर्म गरेर उहाँ पुस्तक पसलमा आउनुहुन्छ । पुस्तकका पाना हेर्दै केही समय पसलमै बिताउनुहुन्छ । त्यो भन्दा पनि रमाइलो उहाँलाई पुस्तक पसलमा आएका पाठकसँग किताबकै बारेमा गफिन मनपर्छ । "पाठकले कस्ता पुस्तक खोज्दैछन्, ध्यान दिएर मनोविज्ञान बुझ्ने कोसिस गर्छु", उहाँले भन्नुभयो,"अनि उहाँहरुकै रुचि मनन गरेर पुस्तक बिक्रीका लागि ल्याउने गर्छु ।"

**किसानको छोरो किताबमा रुचि**

कीर्तिपुर पाङ्गणमा जन्मिनुभएका ७४ वर्षे महर्जनको किताब पसलसँगको इतिहास रोचक छ । सामान्यतया बाउबाजेले जे गर्छन् त्यही पुस्ताले पछ्याउने परम्परा छ । किसानको छोरो किसान हुने भएजस्तै महर्जनको परिवार किसानीमै बित्यो । किताब व्यापारले जीवन धानिएला भन्ने उहाँको पुस्ताले परिकल्पनासमेत गर्न सकेको थिएन । तर, महर्जन भने यो कल्पनालाई सत्यमा परिणत गर्न निकै मेहनत गर्नुपरेको बताउनुहुन्छ । पढ्ने र लेख्ने संस्कार थिएन । तर, महर्जनको बाजे भने खेती गर्दै धार्मिकग्रन्थ पढ्न रुचि गर्नुहुन्थ्यो । महाभारत, गीता, रामायणजस्ता धार्मिकग्रन्थ साँझ बिहान पढ्ने बानी थियो । महर्जन बाल्यकाल सम्झदै भन्नुहुन्छ,"बाजेलाई ग्रन्थ पुर्‍याउने काम म गर्थें, ग्रन्थको सुगन्धले निकै तान्थ्यो ।" बाजेले ग्रन्थ पढेको हेर्दाहेर्दै महर्जनलाई किताबप्रति मोह बढेको हुनसक्ने उहाँ बताउनुहुन्छ ।

सन्तानमा जेठो भएकाले महर्जनलाई कलिलै उमेरमा ३२ जनाको संयुक्त परिवार पाल्नुपर्ने जिम्मेवारी आयो । क्याम्पस पढ्दै जागिर खाने निधो गर्नुभयो । सरकारी जागिर खाने पनि धेरै पटक प्रयास गर्नुभयो । राष्ट्र बैंक, बालाजु औद्योगिक क्षेत्रमा समेत जागिर खान भरपुर मेहनत गर्नुभयो । कतै अन्तरवार्तामा फालिने कतै वैकल्पिकमा पर्ने । सरकारी जागिर खान नपाएको पीडा उहाँले मनमै लुकाउनुभयो र व्यवसायमा जोड दिन थाल्नुभयो । "एउटा बाटो थुनिए अरु थुप्रै बाटा खुल्छन्", उहाँ विगत सम्झदै भन्नुहुन्छ, "किताब व्यापारले मलाई आत्मसन्तुष्टि दिएको छ, र धन पनि ।"

बालाजु औद्योगिक क्षेत्रमा जागिर राम्रै थियो । खान, लगाउन र परिवार पाल्न पुग्थ्यो । तर, पनि महर्जनको मन भने बेचैन रह्यो । केही अपुग जस्तो । किताबसँगै रमाउन मन पराउने हुँदा उहाँले यसै क्षेत्रमा केही गर्ने मनसाय बनाउनुभयो । "किताब पढ्ने र पाना पल्टाउने बानीले जागिरमा मन लागेन", उहाँ भन्नुहुन्छ,"त्यसपछि राम्रै जागिर छोडेर किताब पसलमा काम खोज्न पुगेँ ।" महर्जन प्रोफेसर प्रसन्न मानसिंह प्रधानको घरमा पढ्दै बसन्तपुरको नेपाल बुक सेलर्स पसलमा पहिलोपटक जागिर पाउनुभयो । किताब पसलमा बस्दा उहाँ किताब बेच्ने र पढ्ने दुवै काम गर्नुहुन्थ्यो । उहाँका अनुसार त्यतिबेला अङ्ग्रेजी पाठक बढी थिए ।

पचासदेखि ७५ पैसामा अङ्ग्रेजी पुस्तक पाउने गर्थे । अङ्ग्रेजी सिक्न र बुझाउन अत्यन्त सरल शैलीका अङ्ग्रेजी पुस्तक बजारमा बिक्रीमा राखिएको थियो । "मलाई याद भएसम्म अमेरिकी दूतावासले अङ्ग्रेजी सिकाउन यस्तो नीति ल्याएको हुनुपर्छ", उहाँ सम्झनुहुन्छ,"सस्तो मूल्य र रोचक विषय भएकाले पाठकको घुइँचो नै लाग्थ्यो ।" उहाँले अङ्ग्रेजी बोल्न त्यही पसलमा किताब बेच्दै गर्दा सिकेको बताउनुभहुन्छ । उक्त पुस्तक पसलमा केदारभक्त माथेमा, प्रदीप गिरी, गणेशराज शर्मालगायत व्यक्तित्व उहाँको पसलमा किताब खोज्न आउनुहुन्थ्यो । लोकराज बराल, कृष्ण हाछिथ्यु, अभि सुवेदी, अरुण गुप्तो, डा हर्क गुरुङलगायत वौद्धिक वर्गका मान्छे उहाँको पसलका नियमित ग्राहक हुनुहुन्छ । उहाँका अनुसार केही पाठकले त 'माधव तिमिले पसलको भाडा त तिर्न सकेका छौँ नि ? भन्दै दुःखसुख पनि सोध्ने गर्नुहुन्थ्यो ।' "पाठकले मेरो स्थितिबारे मायाले सोध्दा अझै आत्मविश्वास बढ्दै जान्थ्यो", उहाँ भन्नुहुन्छ ।

पुस्तक पसलमा किताब बेच्दै पढ्दै गर्दा उहाँले आफ्नै व्यापार व्यवसाय सञ्चालन गर्ने हिम्मत जुटाउनुभयो । किसानले किताब पसलमा काम गर्छ भन्दा उतिबेला छिमेकीले गिज्याउने गरेको क्षण उहाँ अझै सम्झिनुहुन्छ । समाज वा परिवारमा भइरहेको कामभन्दा अलि फरक मार्ग रोज्न खोज्दा अवश्य पनि चुनौती सामना गर्नुपर्ने महर्जन बताउनुहुन्छ । तर, यस्तो चुनौतीसँग हार खानु भने हुँदैन भन्नेमा उहाँको अनुभव छ । सन् १९७६ उहाँले घन्टा घर नजिकै किताब पसल खोल्नुभयो । उहाँका अनुसार उतिबेला किताब पढ्न र किन्न आउनेहरु दिनमा दुई/चार जना मात्रै हुन्थे । सन् १९९० मा स्थापना मण्डला बुक प्वाइन्टस् नामाकरण गर्नुभएको हो । उहाँ विगत सम्झदै भन्नुहुन्छ, "किसानको छोरोले किताब समाएर राम्रै गरेको जस्तो लाग्छ ।"

> सन्तानमा जेठो भएकाले महर्जनलाई कलिलै उमेरमा ३२ जनाको संयुक्त परिवार पाल्नुपर्ने जिम्मेवारी आयो । क्याम्पस पढ्दै जागिर खाने निधो गर्नुभयो । सरकारी जागिर खाने पनि धेरै पटक प्रयास गर्नुभयो । राष्ट्र बैंक, बालाजु औद्योगिक क्षेत्रमा समेत जागिर खान भरपुर मेहनत गर्नुभयो । कतै अन्तरवार्तामा फालिने कतै वैकल्पिकमा पर्ने । सरकारी जागिर खान नपाएको पीडा उहाँले मनमै लुकाउनुभयो र व्यवसायमा जोड दिन थाल्नुभयो ।

**डिजिटल पाठकले चुनौती**

महर्जनको पुस्ता किताबको अक्षर मात्रै होइन, सुगन्ध लिँदै पढ्दै आयो । डिजिटल प्रविधिको युगले सुविधा सम्पन्न बनाए पनि केही मौलिकता मारेको उहाँ बताउनुहुन्छ । किताबी दुनियाकै कुरा गर्ने हो भने पनि अनलाइनमै किताब पढ्ने पाठक बढेका छन् । यद्यपि उहाँ भन्नुहुन्छ, "डिजिटल युगले किताबको अक्षर हेर्नमै सीमित हुन्छन् । पुस्तक पढ्ने भनेको अक्षर मात्रै पढ्ने होइन्, किताब र पाठकबीचको आत्मियता स्पर्शबाट सुरु हुन्छ । त्यसका पाना पल्टाउँदाका आवाजसँग जोडिएको हुन्छ र सुग्दा सुगन्धसँग मिसिएको हुन्छ । किताबको मिठास महसुस गर्न किताब नै हातमा समाउनुपर्छ भन्ने उहाँको बुझाइ छ ।"

महर्जनले पाँच दशकअघि खोलेको पुस्तक पसल सूचना प्रविधिको तीव्र विकाससम्म आइपुग्दा पाठक र बजारमा समेत परिवर्तन आएको छ । विगतमा जस्तो पाठक पुस्तकमै धाउने परम्परा विस्तारै हराउँदैछ । यद्यपि, पढ्ने र पढाउने संस्कार भने उर्भर हुँदै गएको उहाँ बताउनुहुन्छ ।डिजिटल पाठक बढे पनि किताबको पाना समाएर सुगन्धसहित पढ्ने सुविधा डिजिटल किताबबाट नहुने उहाँको अनुभव छ । कोभिड महामारीको बेला ई-बुक शिक्षा सजिलो र सरल बन्नु स्वभाविक हो । तर, किताब नै पढेर चित्त बुझाउने पाठकको पनि कमी नभएको उहाँ बताउनुहुन्छ । एक त पढ्ने विद्यार्थी विदेशिएका छन् । कोभिडपछि खस्किएको किताब व्यापार अझै पनि उस्किन नसकेको उहाँ बताउनुहुन्छ ।

सन् १९९० देखि अहिलेसम्म सरकारले पुस्तकमा भन्सार लगाउन पटकपटक प्रयास गरेको छ । यसले गर्दा डर र त्रास सिर्जना भइरहने उहाँ बताउनुहुन्छ । किताब जस्तो विषयलाई सरकारले प्रोत्साहन गर्नुपर्छ । ज्ञानको भण्डारमा सहजता ल्याउनुपर्छ भन्ने महर्जनको मान्तया छ । सरकाले नै पढ्ने संस्कृति सहज बनाउन नीति ल्याउनुपर्ने उहाँको बुझाइ छ । डिजिटल प्रभावले एकातिर पुस्तक प्रचार गर्न सजिलो भएको छ भने अर्कोतिर अनलाइन माध्यम अपनाएर व्यापार बढ्न थालेको छ । यद्यपि महर्जन असल पाठन संस्कृति पुस्तक नै किनेर पढ्न उपयुक्त हुने तर्क राख्नुहुन्छ । किताब छुने बानी लागेका पाठकलाई डिजिटलले चित्त बुझ्दैन ।रासस

# बजेटमाथिको छलफलमा उठेका विषय सम्बोधन गर्न सांसदको जोड



काठमाण्डु । सांसदहरुले विनियोजन विधेयक, २०८१ माथिको छलफलका क्रममा उठेका विषय सम्बोधन गर्नुपर्नेमा जोड दिनुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद भीमप्रसाद आचार्यले बजेटमाथि सांसदले राखेको चासोलाई सम्बोधन गर्न नसक्ने हो भने बजेटमाथिको छलफलको अर्थ नहुने बताउनुभयो ।

"गत जेठ १५ गते बजेट प्रस्तुत भइरहेदेखि संसद्मा लगातार छलफल भइरहेको छ, असन्तुलित बजेट परिमार्जन हुन्छ कि हुँदैन ?", उहाँले प्रश्न गर्नुभयो, "बजेटमा छलफल बहस र तर्क गर्ने, तर 'हुन्छ', 'हुँदैन' भनेर पारित गर्ने हो भने छलफलको अर्थ हुँदैन ।"

सांसद मनबहादुर गुरुङले एक निर्वाचन क्षेत्र एक रणनीतिक योजनालगायत महत्वपूर्ण योजना बेवारिसे अवस्थामा रहेको उल्लेख गर्नुहुँदै पर्याप्त बजेटको व्यवस्था गर्न माग गर्नुभयो । सांसद महेशकुमार बर्तौलाले नेपालको संसदीय अभ्यासका अभिलेखलाई सर्वसाधारणले सहजै प्राप्त गर्ने अवस्था सिर्जना गर्न माग गर्नुभयो ।

सांसद मानवीर राईले वैदेशिक रोजगारीका क्रममा मलेसियामा रहेका २७ नेपाली श्रमिकले उचित पारिश्रमिक नपाएको, रोजगारस्थलमा उचित बसोबासको व्यवस्था नभएको भन्दै यसतर्फसरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद मीना यादवले दाइजो प्रथा हटाउन सरकारले विशेष अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । सांसद मेनुकाकुमारी पोखरेलले किसानलाई पर्याप्त रासायनिक मल उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो । सांसद मैना कार्कीले मुलुकका विभिन्न स्थानमा भएको विपद्का घटनाबाट प्रभावितको उद्धार, राहत र पुनःस्थापनामा ध्यान दिन आग्रह गर्नुभयो ।

सांसद योगेशकुमार भट्टराईले ताप्लेजुङ जिल्ला अस्पतालको भवन जोखिममा रहेको, चिकित्सक तथा कर्मचारीको आवास बस्न नसक्ने अवस्था सिर्जना भएकाले आवश्यक वैकल्पिक व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रघुजी पन्तले सीमा क्षेत्रका नेपालीले भोग्दै आइरहेका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रणेन्द्र बरालीले सुनचाँदीको अवैध कारोबार रोक्न सरकारसँग माग गर्नुभयो । सांसद रमा कोइराला पौड्यालले संसद्मा कार्यरत करारका कर्मचारीको सेवासुविधाबारे संसद् सचिवालयले गम्भीर हुनुपर्ने बताउनुभयो । सांसद रामकुमार राईले गाईघाट-दिक्तेल सडकखण्डको तत्काल ठेक्का लगाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।


सांसद रामनाथ अधिकारीले धादिङ जिल्लाको गौरवको आयोजना धादिङबेँसी-साङ्कोस-तिप्लिङ सडक आयोजनालाई रु एक करोड बजेट विनियोजित भएकामा सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो । सांसद रामहरि खतिवडाले राजस्व अनुसन्धान विभागको महानिर्देशकको नाम लिएर व्यापारीलाई तर्साउने काम रोक्न र बिचौलियाको खोजी गर्न माग गर्नुभयो ।

सांसद रामशङ्कर यादवले शून्य समयमा सांसदले राखेका विषयलाई तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद लीलादेवी बोखिम लिम्बूले ताप्लेजुङमा वर्षाका कारण सडक प्रभावित हुँदा दैनिक उपभोग्य वस्तुको ढुवानीमा समस्या भएकाले सङ्घीय सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो । सांसद बिजुला रायमाझीले एकल महिलालाई भत्ता मात्र नभइ आयआर्जनको उचित वातवरण बनाइनुपर्नेमा जोड दिनुभयो । सांसद मनिष झाले राजदूत पदलाई सस्तो नबनाउन सरकारलाई सुझाव दिँदै राजदूत नियुक्तिमा असल अभ्यास अवलम्बन गरियोस् भन्नुभयो ।

सांसद रञ्जुकुमारी झाले महिलाले विभिन्न क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेको दृष्टान्त दिँदै नेपालको प्रशासनिक निकायको उच्च पदमा महिलाको नियुक्तिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद राजेन्द्र बजगाइँले बूढीगण्डकी जलाशययुक्त परियोजना निर्माण प्रक्रियालाई तत्काल अघि बढाउन आग्रह गर्नुभयो ।

सांसद रामप्रकाश चौधरीले सागरनाथ वन विकास परियोजनाका कर्मचारीले आठ महिनादेखि तलब भत्ता पाउन नसकेको जानकारी गराउँदै उक्त परियोजनालाई मधेस सरकारअन्तर्गत राख्न आग्रह गर्नुभयो ।रासस

# देश बलियो भए सबै जातजाति र भाषाभाषीको अधिकार संरक्षण हुन्छः सभापति देउवा




काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले देश बलियो भएमात्र सबै जातजाति र भाषाभाषीको अधिकार संरक्षण हुने भएकाले सबैको एकतामा जोड दिनुभएको छ ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको प्रथम राष्ट्रिय महाधिवेशन उद्धाटन समारोहलाई मंगलबार सम्बोधन गर्नुहुँदै उहाँले सबै समुदाय एक भए मात्रै मुलुकका लागि योगदान गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

आदिवासी जनजातिका अधिकार संरक्षणका लागि आफू विगतदेखि नै लागिपरेको उल्लेख गर्नुहुँदैपूर्वप्रधानमन्त्रीसमेतरहनुभएका देउवाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलगायत संरचना आफू प्रधानमन्त्री भएकै बेला स्थापना भएको स्मरण गर्नुभयो । आदिवासी जनजातिको हक, अधिकारसँगै भाषा, संस्कृति संरक्षणमा पनि सबैको सहयोग रहनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । जनजातिका माग पूरा गर्न पार्टीका तर्फबाट पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

कांग्रेसको गत महासमिति बैठकले यही असार १५ गतेसम्म सबै भ्रातृ संस्थाको महाधिवेशन गरिसक्ने समय निर्धारण गरेको थियो । महासमिति बैठकले तोकेको अवधिमा महाधिवेशन सम्पन्न गर्ने महासङ्घ पहिलो भ्रातृ संस्था बनेको छ । महासमिति बैठकले तोकेको असार १५ गतेसम्म अरु कुनै पनि भ्रातृ संस्थाले महाधिवेशन गर्ने तयारी गरेका छैनन् ।

आदिवासी जनजाति सङ्घ महासङ्घका रुपमा रुपान्तरण भएपछिको यो पहिलो महाधिवेशन हो । महासङ्घमा ५९ वटै जनजातिका सङ्घ संस्थाको प्रतिनिधित्व रहेको महासचिव जगत बरामले जानकारी दिनुभयो ।रासस

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सिरहाको ३५ दिने धितो लिलामी सूचना

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

| सि. नं. | कस्टमर आईडी | ग्राहकको नाम | ठेगाना | बावु/पति | बाजे/ससुरा | मिसिल नं. | कर्जाको उदेश्य | साँवा रकम | २०८१ जेष्ठ सम्मको व्याज रकम | अन्य पा.प व्याज | जम्मा तिर्नुपर्ने बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९२०३०३ | आरती पशुपालन तथा कृषि फार्म प्रो.रमिता कुमारी यादव | अर्नमा गा.पा.०५, सिरहा | सचिता नन्द कुमारी यादव | रामपृत यादव | १०५२८ | कृषि अनुदान कर्जा | ७००,०००।०० | १०६,०००।०० | – | ८०६,०००।०० |
| २ | ८४०६९१ | गोहिवार क्लेक्शन | सिरहा ०७, सिरहा | मोहन प्रसाद यादव | | ९२७७ | व्यपार कर्जा | १,०००,०००।०० | ४,५८४।५८ | १५०,८३०।१४ | १,१५५,४१४।७२ |
| ३ | १७२५१०३ | नन्दीलाल यादव | इटाटार ०१ | रामपृत यादव | जनकलाल यादव | १०१६८ | सरल कृषि कर्जा | २५०,०००।०० | ८,०००।०० | – | २५८,०००।०० |
| ४ | ५००५७३६ | निकेश पशुपछिं तथा कृषि फार्म प्रो.उर्मिला देवी शाह | बिष्णुपुर ०५ | दशरथ हलवाइ | गेन्नाइ शाह | १०४३२ | कृषि अनुदान कर्जा | ५००,०००।०० | ११,६६९।७५ | १७०,७८१।०२ | ६८२,४५०।७७ |
| ५ | ८४०८११ | प्रमोद यादब | थलहा कटहा ०२, सिरहा | लखन यादव | कपिलदेव यादब | ९३८८ | सरल कृषि कर्जा | ४००,०००।०० | १२,४७८।१७ | ५८,८६९।८२ | ४७१,३४७।९९ |
| ६ | ३०३८२१४ | पार्वती देवी यादव | औरही गा.पा. ०८ लालपुर | मोहन यादव | भाङगी यादव | १११९२ | सरल कृषि कर्जा | १,०००,०००।०० | १२,६३६।५५ | २३,४१७।०३ | १,०३६,०५३।५८ |
| ७ | ८४०९६१ | स्काई मदीरा पसल प्रो.साईलेन्द्र कुमार यादव | किसनपुर ०७, सिरहा | सान्ती यादब | रामबिलास यादब | ७३९४ | व्यपार कर्जा | ४,९००,०००।०० | १५,४८३।५३ | ४०८,६१०।४१ | ५,३२४,०९३।९४ |
| ८ | १८०८०७० | शितल प्रसाद यादव | ठेङ्गही, सिरहा ०९, सिरहा | भगवानदत यादव | मधु यादव | १०३५० | सरल कृषि कर्जा | २७५,०००।०० | १५,६७०।७२ | – | २९०,६७०।७२ |
| ९ | ८३९३८७ | देवकला यादव | अर्नमा ०४, सिरहा | रामलखन यादव | उतिमलाल यादव | ४९२७ | सरल कृषि कर्जा | १५०,०००।०० | १५,७८५।७५ | – | १६५,७८५।७५ |
| १० | ८३९०८२ | रामचन्द्र यादव | सिरहा न.पा.०९ | महादेव यादव | शिवनाथ यादव | ६०२५ | सरल कृषि कर्जा | – | २३,९७१।१६ | – | २३,९७१।१६ |
| ११ | १७४७२४९ | रेनु देवी कामती | हनुमाननगर ०४ | बासुदेव कामती | रामफाल कामती | १०२३७ | सरल कृषि कर्जा | ४००,०००।०० | २३,९७६।४२ | १६,१३३।३९ | ४४०,१०९।८१ |
| १२ | ८४०३३४ | राम नारायण साह | बिष्णुपुर गा.पा.०१ | फौदार शाह | बद्री शाह | ९०१७ | कृषि अनुदान कर्जा | ३५०,०००।०० | २५,१८०।७८ | – | ३७५,१८०।७८ |
| १३ | ८४१०४९ | दुदख मोचन यादब | बिष्णुपुर प्र.म.०५ | रामफल यादव | गोबिन्द यादब | ९५८७ | व्यत्तिगत ओडि कर्जा | ७००,०००।०० | २६,२७१।०२ | ३२,८२९।८८ | ७५९,१००।९० |
| १४ | १३३३४६२ | जगरनाथ बनैत | सिरहा ०६ | शिव नारायण | | १२४४ | कृषि अनुदान कर्जा | ५००,०००।०० | २७,५६१।१४ | – | ५२७,५६१।१४ |
| १५ | ३०३४५९६ | पवन देवी पासमन | सिरहा न.पा. | राम तहल पसमान | सहिया पासमान | १०९८२ | कृषि अनुदान कर्जा | १,०००,०००।०० | २७,६०८।८१ | २८,०४४।०५ | १,०५५,६५२।८६ |
| १६ | १२२४१८९ | समारी देवी यादब | राजपुर ०२ | श्री राम यादव | बिहारी यादव | ४३१० | सरल कृषि कर्जा | १,०००,०००।०० | २८,१७६।३० | ३९,२५३।४२ | १,०६७,४२९।७२ |
| १७ | ८४०३५३ | राम सुनैर बडहिन | सन्हैठा ०६, सिरहा | रामचलीतर ठाकुर | | ९०३० | घरायसी कर्जा | ७८०,०००।०० | २९,३६६।५२ | २,३७०।०० | ८११,७३६।५२ |
| १८ | १७५६०७२ | जानकी देवी यादव | थलहा कटहा ०५ | मागैन यादव | विलट हजरा यादव | १०२५७ | सरल कृषि कर्जा | ४००,०००।०० | २९,६३७।३७ | – | ४२९,६३७।३७ |
| १९ | ८३८९२९ | हिरण प्रसाद ठाकुर | सिरहा ०७ | तुलसी ठाकुर | बालगोविन्द ठाकुर | ५८९१ | व्यत्तिगत ओडि कर्जा | ४७४,६१७।९० | ५६,९९८।०० | – | ५३१,६१५।९० |
| २० | ८३९५३१ | फुलो देवी | हरकट्टी ०५, सिरहा | कपिल दास | कारी दास | ७१०९ | घरायसी कर्जा | ४५०,०००।०० | ३०,६२४।३६ | – | ४८०,६२४।३६ |
| २१ | १५४७०९७ | योगेन्द्र यादब | सिरहा न.पा. २१, सिरहा | पंछि यादव | सीताइ यादव | ९९२१ | सरल कृषि कर्जा | ४००,०००।०० | ३१,६०३।८२ | १३,७८१।७६ | ४४५,३८५।५८ |
| २२ | ८४१०८३ | जोहरा खातुन | सिरहा ०७ | मान सोरमिया | जोखन मिया | ९०७५ | कृषि अनुदान कर्जा | ६००,०००।०० | ३२,८८५।१९ | ३९,९१७।३८ | ६७२,८०२।५७ |
| २३ | १७२४४५५ | किसुन देव यादव | विष्णुपुर गा.पा.०२, सिरहा | राम पति यादव | जनक यादव | १०१७३ | सरल कृषि कर्जा | ५००,०००।०० | ३३,१९५।४१ | – | ५३३,१९५।४१ |
| २४ | ८३९९१४ | सुर्य नरायण सिहँ | अर्नमा ०३, सिरहा | राम स्वरुप सिंह | मुगा लाल सिंह | ७७६२ | घरायसी कर्जा | ४००,०००।०० | ३४,२५२।१८ | २०,४०२।२५ | ४५४,६५४।४३ |
| २५ | १९७१३९५ | रानी देवी महरा | सिरहा ०२, सिरहा | जोगिन्द्र ठाकुर | मनिया महरा | १०६२६ | सरल कृषि कर्जा | ५००,०००।०० | ३४,७५८।९९ | १०,४८८।७९ | ५४५,२४७।७८ |
| २६ | १३५३२४० | अमिरका देवी यादव | बिष्णुपुर गा.पा.०१ | कपिलदेव यादव | खटर यादव | ५१०८ | घरायसी कर्जा | ५००,०००।०० | ३५,४७८।६४ | ३९,६९६।३६ | ५७५,१७५।०० |
| २७ | ८३९६६७ | बिन्देश्वर धुरझर | सिरहा न.पा.०८, सिरहा | नथुनी धुरझार | पलरु धुरझार | ५४०१ | घरायसी कर्जा | १७५,०००।०० | ३५,८२४।६८ | – | २१०,८२४।६८ |
| २८ | ३०३७५०३ | सति यादव | बिष्णुपुर ०८ लहा कटहा | बैएलाल यादब | रुपलाल यादव | १११०२ | सरल कृषि कर्जा | १,८००,०००।०० | ३८,१७५।८५ | १०५,६८९।८१ | १,९४३,८६५।६६ |
| २९ | १३७८९५४ | राम प्रगास यादव | कल्याणपुर ५, हाल अर्नमा गा.पा.०५ | सुवध यादव | नन्दी यादब | ९८६८ | सरल कृषि कर्जा | ५००,०००।०० | ३८,२११।२७ | १६,०००।०० | ५५४,२११।२७ |
| ३० | १३२८१९४ | भुला जनरल स्टोर | पिप्रा ०४ | रामनाथ यादब | बाबुलाल यादब | ९८०० | व्यपार कर्जा | ९००,०००।०० | ३८,२४४।३० | ६३,९०२।५३ | १,००२,१४६।८३ |
| ३१ | ८४००९० | माधब प्रसाद साह तेली | पिप्रा ०६ | बौकु साह | बतहा साह | ७८६१ | घरायसी कर्जा | ३००,०००।०० | ३८,४३७।३६ | – | ३३८,४३७।३६ |
| ३२ | ५०२६०२५ | बलराम यादव | सिरहा ०३, सिरहा | राम जिवन यादव | महादेव यादव | १०९०४ | सरल कृषि कर्जा | ५००,०००।०० | ३९,५०४।८३ | २०,६७८।६५ | ५६०,१८३।४८ |
| ३३ | ८३९३०० | कुमैर बडही | विष्णुपुर गा.पा.०९, सिरहा | रामवृक्ष बडही | जगधारी ठाकुर | ४६३४ | सरल कृषि कर्जा | ४००,०००।०० | ४०,२६२।२८ | १५,१५६।४८ | ४५५,४१८।७६ |
| ३४ | १९८३४५४ | दिलाराम दास | अर्नमा गा.पा.०७, सिरहा | रामबिलास तत्मा | जदु दास तत्मा | १०८१३ | सरल कृषि कर्जा | ९००,०००।०० | ४०,९३६।३३ | – | ९४०,९३६।३३ |
| ३५ | ८४०५२५ | मर्नी देवी अमात्नी | माडर ०४, सिरहा | राम सरप राय | भोला राय अमात | ९१५७ | घरायसी कर्जा | ३५०,०००।०० | ४२,०३३।९३ | १२,०००।०० | ४०४,०३३।९३ |
| ३६ | १३२६२४३ | विन्देश्वर यादव | हकपरा ०२ | अयाधि यादव | सिताई यादव | ९५३३ | सरल कृषि कर्जा | ६००,०००।०० | ४२,५५८।८६ | २१,५९३।४८ | ६६४,१५२।३४ |
| ३७ | १३०१८९४ | श्रवण कुमार यादब | सन्हैठा ०५ | रामनाथ यादव | दुखी यादव | ९७४९ | घरायसी कर्जा | ५००,०००।०० | ४३,०३९।०७ | १९,७८५।४७ | ५६२,८२४।५४ |
| ३८ | ८४०३२३ | राम प्रकाश यादव | हकपरा ०२ | सुखी यादव | नेवा यादव | ७०९३ | घरायसी कर्जा | ५००,०००।०० | ४३,५३०।२९ | – | ५४३,५३०।२९ |
| ३९ | १३६६९३८ | शाम जनरल स्टोर प्रो.मो रुक्साना | सिरहा, महिसोथा | नाजिर मिया | नेबिया मिया | ९८२८ | व्यपार कर्जा | ७५०,०००।०० | ४३,६०८।९३ | ९९,७८०।९७ | ८९३,३८९।९० |
| ४० | १६८२५८५ | अमृति देवी | बिष्णुपुर गा.पा.०१ | बैजनाथ कामती | मनेजर कामती | १००८४ | घरायसी कर्जा | १,०००,०००।०० | ४४,१०६।०३ | २७,१५१।७२ | १,०७१,२५७।७५ |
| ४१ | १९९५२५२ | लालो ठाकुर हजाम्नी | सिरहा न.पा. ०५ | विल्टी ठाकुर | ण | १०८५६ | सरल कृषि कर्जा | ९००,०००।०० | ४४,१३३।०७ | – | ९४४,१३३।०७ |
| ४२ | ८४१०३५ | भागवत यादव | कल्याणपुर १ | पलट यादव | मातबर यादब | ९५७७ | सरल कृषि कर्जा | १,०००,०००।०० | ४४,३६९।१८ | ४७,१०३।०३ | १,०९१,४७२।२१ |
| ४३ | ८३९०६४ | पलस देवी कोइरी | अर्नमा प्र.पी.०५, सिरहा | रामप्रित महतो | हलुवाइ महतो | १०९०२ | सरल कृषि कर्जा | १,०००,०००।०० | ४४,५१६।४४ | २८,८२६।१८ | १,०७३,३४२।६२ |
| ४४ | ५००५७६० | देवराम सिंह | औरही ०३ | हरीदेव सिंह | पण्डव सिंह | १०८६६६ | सरल कृषि कर्जा | १,०००,०००।०० | ४६,२४५।८३ | ५८,९३०।५२ | १,१०५,१७६।३५ |
| ४५ | १९८८०२० | दलारी देवी यादब | लक्ष्मीनिया ०३, सिरहा | बिनोद कुमार यादव | मातो यादब | १०८३७ | घरायसी कर्जा | ९००,०००।०० | ४८,०१८।८६ | ३०,०००।०० | ९७८,०१८।८६ |
| ४६ | ३०३३६१५ | जिबछी देवी मण्डल | अर्नमा प्र.पी.०४, सिरहा | छेदी मण्डल | झराबलाल मण्डल | १०९६९ | सरल कृषि कर्जा | १,०००,०००।०० | ४८,२९३।७२ | २८,८४२।९८ | १,०७७,१३६।७० |
| ४७ | ८४०७०२ | सुकदेव यादब | पिप्रा ०१, सिरहा | भईलाल यादब | गोणर यादब | ५०७० | सरल कृषि कर्जा | १,७३०,०००।०० | ४९,०११।७८ | १,४०९।७८ | १,७८०,४२१।५६ |
| ४८ | ३०३५५८२ | राम प्रताप कामती | सिरहा न.पा.१०, नरैहिया | देव नारायण यादव | चौधरी यादव | ११०८५ | सरल कृषि कर्जा | १,०००,०००।०० | ४९,४६४।१३ | २४,४६५।८७ | १,०७३,९३०।०० |
| ४९ | ८३९०७१ | प्रेम कुमार सिंह | अर्नमा प्र.पी.०२, सिरहा | सिंहेश्वर सिंह | नेवालाल महतो | ७३०२ | सरल कृषि कर्जा | २००,०००।०० | ५१,६६४।६६ | – | २५१,६६४।६६ |
| ५० | ८४०९६८ | प्रमोद कुमार यादव | सिरहा ०९ | राज कूमार गोइत यादव | अजकी गोइत | ९५२० | घरायसी कर्जा | ७००,०००।०० | ५१,७७९।८६ | ४५,६६८।४६ | ७९७,४४८।३२ |
| ५१ | ८३९६३२ | कैलाश यादव | गौरीपुर ०९, सिरहा | असर्फी यादव | शंकर यादव | ६२२६ | व्यत्तिगत ओडि कर्जा | ८००,०००।०० | ५२,०४७।७८ | ३१,२८४।२३ | ८८३,३३२।०१ |
| ५२ | ८४०८४८ | गंगा प्रसाद यादव | थलहा कटहा ०४, सिरहान | रामचन्द्र यादब | सरयुग यादब | ९४२९ | सरल कृषि कर्जा | ५५०,०००।०० | ५२,५३१।६७ | – | ६०२,५३१।६७ |
| ५३ | ८४०७२६ | निर्मोध कुमार यादव | सिरहा ०९ | राज कुमार गोइत | अजवी गोइत | ९३१५ | घरायसी कर्जा | ३००,०००।०० | ५२,९३९।५८ | ११,७२१।७८ | ३६४,६६१।३६ |
| ५४ | ८३९८०० | लालोवती पासमान | सिरहा ०७ | राम प्रसाद पासमान | जनका पासमान | ७६८३ | सरल कृषि कर्जा | ८००,०००।०० | ५३,०७२।०० | – | ८५३,०७२।०० |
| ५५ | ८३९७१८ | विसनी यादव | बिष्णुपुर गा.पा.०५ | सबधी यादव | नवल किशोर यादव | ६४४६ | घरायसी कर्जा | २००,०००।०० | ५४,२१२।९३ | – | २५४,२१२।९३ |
| ५६ | ३०३८२१३ | पंचा पासमान | औरही गा.पा.०४ | रौदी पासमान | खटर पासमान | ११११९ | सरल कृषि कर्जा | १,०००,०००।०० | ५६,००९।६० | – | १,०५६,००९।६० |
| ५७ | १७५०४२२ | सर्मीला देवी महतो | अर्नमा प्र.पी.०३, सिरहा | बुधन महतो | गेनाइ महतो | १०२४१ | सरल कृषि कर्जा | ८००,०००।०० | ५६,६८०।२७ | ५३,१६४।०७ | ९०९,८४४।३४ |
| ५८ | १८२८९७९ | मिना देवी यादव | भजनाहा लक्ष्मीनिया ०४ | सुर्यनाथ यादव | भुला यादव | १०४१० | सरल कृषि कर्जा | ९६३,४३४।२३ | ५८,५२७।४९ | – | १,०२१,९६१।७२ |
| ५९ | ८४०८९८ | बठु महतो कौईरी | अर्नमा ०८, सिरहा | तिलाई महतो | श्रीचन महतो | ९४६८ | घरायसी कर्जा | ७००,०००।०० | ५८,५७३।३० | २६,०९४।९५ | ७८४,६६८।२५ |
| ६० | १५०१४१६ | राज कुमार जनरल स्टोर प्रो.राज कुमार यादव | सिरहा न.पा. १८ | सरयूग यादव | सुर्जा यादव | ९८८० | व्यपार कर्जा | ८५०,०००।०० | ५८,६७३।२० | – | ९०८,६७३।२० |
| ६१ | १५२२००६ | मदन मोहन यादव | अर्नमा ०४, सिरहा | रुपी भगत यादव | सिताइ यादव | ९९०२ | सरल कृषि कर्जा | ३००,०००।०० | ६२,१४०।४४ | – | ३६२,१४०।४४ |
| ६२ | ८४०८४२ | कविता देवी सदा | राजपुर ०६ | उदगार सदा | गुल्टन सदा | ९४१७ | सरल कृषि कर्जा | २००,०००।०० | ६२,५१०।७२ | – | २६२,५१०।७२ |
| ६३ | ५०४५६१० | गीता कुमारी महतो | लक्ष्मीपुर ०३, सिरहा | चन्देश्वर महतो | धनबिर महतो | १०९२७ | व्यत्तिगत ओडि कर्जा | ९५०,०००।०० | ६४,९००।६१ | ७०,६५३।९५ | १,०८५,५५४।५६ |

(बाँकी पृष्ठ ६ मा)

# भारतद्वारा अष्ट्रेलिया पराजित



काठमाण्डु । आइसिसी टि-२० विश्वकप क्रिकेटअन्तर्गत सुपर आठको खेलमा भारतद्वारा अष्ट्रेलिया पराजित भएको छ। ग्रोस आइस्लेटमा सोमबार राति सम्पन्न खेलमा भारतले अष्ट्रेलियालाई २४ रनले पराजित गरेको हो।

यससँगै अष्ट्रेलियाको सेमिफाइनल पुग्ने सम्भावना कमजोर बनेको छ। यस समूहबाट छ अङ्कसहित भारत शीर्षस्थानमा रहेर सेमिफाइनल पुगिसकेको छ। भारतले फाइनल प्रवेशका लागि इङ्ल्याण्डसँग खेल्नेछ।

भारतले दिएको दुई सय छ रनको लक्ष्य पछ्याएको अष्ट्रेलियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८१ रनमात्र बनाउन सक्यो। अष्ट्रेलियाका ओपनर ट्राभिस हेडले सर्वाधिक ७६ रन बनाए। ४३ बल खेलेका उनले नौ चौका र चार छक्का प्रहार गरे। त्यस्तै कप्तान मिचेल मार्सले ३७, ग्लेन म्याक्सेवलले २० र टिम डेभिडले १५ रन बनाए। कमिन्सले ११ रन बनाउँदा मिचेल स्टार्क चार रनमा अविजित रहे।

भारतका अर्शदीप सिंहले तीन विकेट लिए बने कुलदीप यादवले दुई विकेट लिए। त्यस्तै जसप्रित बुमराह र अक्षर पटेलले समान एक-एक विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय पाँच रनको योगफल बनाएको थियो।

भारतका कप्तान रोहित शर्माले सर्वाधिक ९२ रन बनाए। ४१ बल खेलेका उनले सात चौका र आठ छक्का प्रहार गरे। त्यस्तै सूर्यकुमार यादवले ३१, शिवम दुबेले २८, हार्दिक पाण्ड्याले २७, ऋषभ पन्तले १५ र रवीन्द्र जडेजा नौ रन जोडे।अस्ट्रेलियाका मिचेल स्टार्क र मार्कस स्टोइनिसले समान दुई-दुई विकेट लिए।रासस

# मोदीको रुस भ्रमणको 'तयारी' भइरहेको क्रेमलिनको भनाइ

एएफपी

मस्को । निकट भविष्यमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको रुस भ्रमणको 'तयारी' भइरहेको क्रेमलिनले मङ्गलबार बताएको छ । यद्यपि उसले भ्रमणको निश्चित मिति दिन अस्वीकार गरेको छ।दुई वर्षभन्दा धेरै समयअघि मस्कोले युक्रेनमा पूर्णस्तरको सैन्य आक्रमण सुरु गरेपछि यो मोदीको पहिलो रुस भ्रमण हुनेछ। उक्त द्वन्द्वले मस्को र नयाँदिल्लीबीचको सम्बन्धको परीक्षण गरेको छ।

"हामीले भ्रमणको तयारी गरिरहेका छौं, हामी तपाईंलाई समयमै सूचित गर्नेछौं", भारतीय र रुसी सञ्चारमाध्यमा मोदीले जुलाईको सुरुमा मस्कोको भ्रमण गर्ने योजना बनाइरहेको बारे प्रश्न गर्दा क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भन्नुभयो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारत र मोदीलाई सम्भावित कूटनीतिक र आर्थिक सहयोगीका रूपमा हेर्नुहुन्छ तर युक्रेनमाथि रुसको आक्रमणले सम्बन्ध जटिल बनाएको छ।

सन् २०२२ सेप्टेम्बरमा उज्बेकिस्तानमा भएको क्षेत्रीय शिखर सम्मेलनमा पुटिन र मोदीबीचको बैठकमा रुसी राष्ट्रपति पुटिनले मोदीसँग आफूले द्वन्द्वका बारेमा 'चिन्ता' रहेको बुझेको र मोदीले यसलाई 'जतिसक्दो चाँडो' अन्त्य गर्न चाहेको बताउनुभएको थियो। भारतीय नागरिकहरू रुसी सेनासँग 'सहायक नोकरी' का लागि भर्ती भएको, केही रुसी सीमावर्ती गाउँमा फँसेको र उनीहरूलाई युक्रेनमा लड्नका लागि बाध्य बनाइएको जस्ता समाचार आएपछि यसै वर्षको प्रारम्भमा भारतले रुसमा आफ्ना केही नागरिकलाई रिहा गर्न दबाब दिइरहेको बताएको थियो।

यसले भारतीयहरूसँग 'यो द्वन्द्वबाट टाढा रहन' आग्रह गरेको छ। यद्यपि नयाँदिल्ली पनि किएभको कट्टर समर्थक भएको छैन । विशेषगरी यसै महिनाको सुरुमा स्विट्जरल्यान्डमा एक शान्ति शिखर सम्मेलनमा संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्न भारतले अस्वीकार गरेको थियो । उक्त विज्ञप्तिमा कुनै पनि शान्ति सम्झौतामा युक्रेनको क्षेत्रीय अखण्डताको सम्मान गर्न आह्वान गरिएको थियो।

भारत पनि रुसी तेलको प्रमुख खरिदकर्ता बनेको छ।

पश्चिममा रुसलाई परम्परागत बजारहरूबाट विच्छेद गराएपछि त्यसलाई भारतले अत्यावश्यक निर्यात बजार उपलब्ध गराएको छ।हालै ऐतिहासिक तेस्रो कार्यकालका लागि निर्वाचित हुनुभएका प्रधानमन्त्री मोदीले पछिल्लो पटक सन् २०१९ सेप्टेम्बरमा सुदूर पूर्वी सहर भ्लाडिभोस्टकमा भारत-रुस वार्षिक शिखर सम्मेलनका लागि रुसको भ्रमण गर्नुभएको थियो।



| सि. नं. | कस्टमर आईडी | ग्राहकको नाम | ठेगाना | बाबु/पति | बाजे/ससुरा | मिसिल नं. | कर्जाको उदेश्य | साँवा रकम | २०८१ जेष्ठ सम्मको व्याज रकम | अन्य पा.प व्याज | जम्मा तिर्नुपर्ने बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६४ | ३०३५२९९ | हलिमा खातुन | सिरहा न.पा.०२, सारस्वर | जयायल राईन | मनिर कवाडी | ११०१० | सरल कृषि कर्जा | १,०००,०००।०० | ६८,६१०।२० | ५३,९८५।१२ | १,१२२,५९५।३२ |
| ६५ | ८३९७५१ | राजेश्वर ठाकुर बडही | सिरहा ०९, सिरहा | असर्फी ठाकुर | अनुप ठाकुर | ७६६७ | घरायसी कर्जा | ८००,०००।०० | ६९,५४३।१० | ८६,४९०।१२ | ९५६,०३३।२२ |
| ६६ | ८३९३५४ | हरीनारायण यादब | थलहा कटहा ०५, सिरहा | गणेश यादब | सामु यादब छोरा | ७५८० | व्यक्तिगत ओडि कर्जा | ९५०,०००।०० | ७०,२७२।६८ | ७०,१९१।१० | १,०९०,४६३।७८ |
| ६७ | १९८९४३० | सुनिता देवी यादव | बिष्णुपुर गा.पा.०१ | रामभरोसी यादव | रौदी यादव | १०५७७ | सरल कृषि कर्जा | ६००,०००।०० | ७०,५००।०५ | २१,९२४।६५ | ६९२,४२४।७० |
| ६८ | १८६७९३० | राम कृपाल यादव | अर्नमा ०३, सिरहा | धनवीर यादव | मनियार यादव | १००३५ | घरायसी कर्जा | ७००,०००।०० | ७६,०५६।३४ | – | ७७६,०५६।३४ |
| ६९ | १६८६६६५ | उद्रेश यादव | गौरीपुर ०४ | परिक्षण यादव | लखन यादव | ९०२३ | सरल कृषि कर्जा | २,९००,०००।०० | ७६,६५९।२९ | – | २,९७६,६५९।२९ |
| ७० | ८४०५५६ | हरि नारायण दास | हकपरा ०७ | घुटर दास | बसन्त दास | ९२०७ | घरायसी कर्जा | ६००,०००।०० | ८३,६७९।८८ | – | ६८३,६७९।८८ |
| ७१ | ८४०६९३ | शिव कुमारी देवी यादव | सिरहा ०१ | सिटाहा यादव | जुगती यादव | ९२९० | घरायसी कर्जा | ५००,०००।०० | ८४,९४२।५१ | – | ५८४,९४२।५१ |
| ७२ | १७६६०६६ | शितल देव कुमार महतो | अर्नमा गा.पा.०३, सिरहा | राम आशिष महतो कोइरी | तुनई महतो कोइरी | १०३३४ | सरल कृषि कर्जा | ५००,०००।०० | ८५,७६१।२३ | – | ५८५,७६१।२३ |
| ७३ | १७०७७०२ | महेश मण्डल | सिरहा न.पा. १० | बलराम मण्डल | जुगेश्वर मण्डल | १०१०४ | घरायसी कर्जा | १,०००,०००।०० | ८८,३३४।७० | – | १,०८८,३३४।७० |
| ७४ | १५०४९५९ | बिना देबी शाह | अर्नमा प्र.पी.०२, सिरहा | नथुनी शाह तेली | राम धनि शाह | ९८८२ | सरल कृषि कर्जा | ५००,०००।०० | ८९,३६२।४८ | – | ५८९,३६२।४८ |
| ७५ | ८४०५४० | अरहुल देवी मण्डल | सिरहा न.पा. १८ | राम शंकर मण्डल | अनुप मणल | ९१६५ | सरल कृषि कर्जा | ५००,०००।०० | ८९,५२९।६५ | – | ५८९,५२९।६५ |
| ७६ | १७४६८१६ | झबरु यादव | लक्ष्मीनिया ०२ | सौरबी यादव | प्रेम यादव | १०२१४ | सरल कृषि कर्जा | ५००,०००।०० | ९१,६८०।५० | – | ५९१,६८०।५० |
| ७७ | ५२०६७१० | सुबक पशु पालन तथा कृषि फर्म प्रो.दिपेन्द्र कुमार यादब | सिरहा १८, सिरहा | कालेश्वर यादव | जगदेव यादव | १००९९ | कृषि अनुदान कर्जा | ३,०००,०००।०० | ९३,६७३।४४ | – | ३,०९३,६७३।४४ |
| ७८ | ३०३५७२० | गभ्रू दास तत्मा | सिरहा न.पा.२१, लगडीगोठ | राम अधिन दास | गोनर दास | ११००९ | सरल कृषि कर्जा | १,०००,०००।०० | ९३,७९०।४१ | २७,९१७।६५ | १,१२१,७०८।०६ |
| ७९ | १८१५९६९ | उमा कुमारी साह | जगतपुर ०७, सप्तरी | नागेश्वर साह सुडी | लक्ष्मण साह | १०३६१ | सरल कृषि कर्जा | ४००,०००।०० | ९४,०२४।६३ | – | ४९४,०२४।६३ |
| ८० | ८४०७२७ | फुलो देवी सहनी | अर्नमा ०७, सिरहा | जगदिश सहनी | बइयलाल सहनी | ९३२० | सरल कृषि कर्जा | १,०००,०००।०० | ९४,१७३।९८ | ४०,८४०।९७ | १,१३५,०१४।९५ |
| ८१ | ३०३४६१३ | जहुरीया मुसहर | सिरहा न.पा., विष्णुपुर ०९ | परयाग देवी | असर्फी मुसहर | ११००१ | सरल कृषि कर्जा | १,०००,०००।०० | ९४,९९५।८९ | ३९,६७०।९४ | १,१३४,६६६।८३ |
| ८२ | ५०२६१६० | रुपनी देवी | अर्नमा प्र.पी.०५, सिरहा | धनिकलाल महतो | तुलसी महतो | १०९०३ | सरल कृषि कर्जा | १,०००,०००।०० | ९५,१३२।८८ | ४२,८५०।०१ | १,१३७,९८२।८९ |
| ८३ | १७५७९७९ | कुकुल्ती यादवनी | सिरहा न.पा. २२ | धनि राम यादव | साधुराम यादव | १०२५६ | सरल कृषि कर्जा | १,०००,०००।०० | ९६,५७२।८७ | ४१,२९८।४६ | १,१३७,८७१।३३ |
| ८४ | १२३१५२३ | विनोद कुमार साह | सिरहा ०८ | सोनेलाल साह | शोभराम साह | ९६८२ | घरायसी कर्जा | ३००,०००।०० | ९६,६२४।५० | – | ३९६,६२४।५० |
| ८५ | १३०३२६२ | गंगा राईस मिल | बिष्णुपुर ०४, सिरहा | रामनारायण यादब | सत्यनारायण यादब | ६४५५ | व्यपार कर्जा | १,५००,०००।०० | ९९,०१९।३३ | २०५,७५२।६० | १,८०४,७७१।९३ |
| ८६ | ८३९३५७ | शशि कुमार महतो | अर्नमा प्र.पी.०३, सिरहा | बच्चु महतो | सुबी महतो | ७५८२ | घरायसी कर्जा | ६००,०००।०० | ९९,८९९।२४ | – | ६९९,८९९।२४ |
| ८७ | ८३९६७२ | कपिलदेव यादव | राजपुर ०३ | बुथनी यादव | जयनाथ यादव | ५२०१ | घरायसी कर्जा | ३७५,०००।०० | १००,४६२।१४ | – | ४७५,४६२।१४ |
| ८८ | ८४०२५६ | रामचन्द्र यादव | लक्ष्मीपुर ०१ | लक्ष्मण यादव | मंचित यादव | ७९७६ | सरल कृषि कर्जा | ५००,०००।०० | १०३,२५५।३० | – | ६०३,२५५।३० |
| ८९ | १७२३६८२ | देवचन कामती | सिरहा न.पा. ११ | सोनेलाल कामती | नारायण कामती | १०१३८ | घरायसी कर्जा | ७००,०००।०० | १०६,५२२।३४ | – | ८०६,५२२।३४ |
| ९० | ५०२५३६१ | सन्तोस कुमार महतो | लक्ष्मीपुर ०८, सिरहा | गरबु महतो | महाबिर महतो | १०८६० | सरल कृषि कर्जा | १,०००,०००।०० | १०६,५२३।७५ | ९४,२०६।०६ | १,२००,७२९।८१ |
| ९१ | ८४०६८१ | धनिक लाल यादव | माडर ०३, सिरहा | मिश्री लाल | सुकन यादव | ९२८४ | घरायसी कर्जा | ९७५,०००।०० | १०८,८३६।४८ | – | १,०८३,८३६।४८ |
| ९२ | ३०३२६०७ | धर्मनाथ अडगरीया | सिरहा न.पा.१७, पटहेरवा | विलटु अडगरीया | अनुप अडगरीया | १०९६३ | सरल कृषि कर्जा | १,४००,०००।०० | १०९,६५३।४७ | ४०,९८९।४९ | १,५५०,६४२।९६ |
| ९३ | १७९८५५४ | कृतिश कन्सट्रक्सन प्रो.रबिन्द्र कुमार महतो | बिष्णुपुर ०१ | भागबत महतो | बैजनाथ महतो | | ग्यारेन्टी कल्याम कर्जा | ९३१,५४१।१९ | ११०,२७५।०८ | – | १,०४१,८१६।२७ |
| ९४ | १७०२८०८ | चन्देश्वरी देवी | सिरहा न.पा. १६ | रासलाल यादव | बुनी यादव | १०१३१ | सरल कृषि कर्जा | १,०००,०००।०० | ११०,६७०।५५ | – | १,११०,६७०।५५ |
| ९५ | १९२४८५० | उपेन्द्र मुखिया | हरकट्टी, अर्नमा ०७, सिरहा | रामदेव मुखिया | हरिलाल मुखिया | १०५१५ | सरल कृषि कर्जा | ६००,०००।०० | ११२,९३१।९६ | – | ७१२,९३१।९६ |
| ९६ | १९६२६१८ | अनिता देवी पासमान | बिष्णुपुर गा.पा.०५ | लक्ष्मी पासमान | दुखिया पासमान | १०६९७ | सरल कृषि कर्जा | १,५००,०००।०० | ११३,३७०।३८ | ३१,३७९।१२ | १,६४४,७४९।५० |
| ९७ | ८३९९७३ | योगेन्द्र प्रसाद यादव | अर्नमा गा.पा.०५, सिरहा | मटर यादव | बैजनाथ यादव | ७८०७ | सरल कृषि कर्जा | ७००,०००।०० | ११५,७५५।६२ | – | ८१५,७५५।६२ |
| ९८ | ८४०८५४ | अजय कुमार यादब | सिरहा न.पा. ०१ | श्री मुनिदेव यादब | श्री बलदेव यादब | ९४३४ | व्यक्तिगत ओडि कर्जा | १,५००,०००।०० | ११६,२३८।८३ | १४४,७०१।२४ | १,७६०,९४०।०७ |
| ९९ | ३०३५३११ | राम अवतार तत्मा | औरही गा.पा. ०५ | सेवैत दास | सकुन दास | ११०१७ | सरल कृषि कर्जा | १,०००,०००।०० | १२३,७१२।४९ | ९३,४२५।२२ | १,२१७,१३७।७१ |
| १०० | ८४०८३१ | राम चरित्र साह हलुवाई | विष्णुपुर गा.पा.०२, सिरहा | ढोरवा साह | शितल साह | ९४३३ | घरायसी कर्जा | ७५०,०००।०० | १२५,३८०।५० | – | ८७५,३८०।५० |
| १०१ | १७२३५४७ | मनकामना ब्यूटी पार्लर प्रो.गिता कुमारी मण्डल | सिरहा न.पा. ०७ | रामबृक्ष मणडल | खेदरु मणडल | १०१८६ | कृषि अनुदान कर्जा | १,०००,०००।०० | १३०,५१०।८७ | १३,०००।०० | १,१४३,५१०।८७ |
| १०२ | ८३९११६ | शुभकलाल यादव | हरकट्टी ०९, सिरहा | सरुपलाल यादव | धामी यादव | ७७२८ | घरायसी कर्जा | ५५०,०००।०० | १३०,६७०।३० | – | ६८०,६७०।३० |
| १०३ | ५०३७१२४ | विनोद कुमार यादव | राजपुर ०३, सिरहा | राम प्रसाद यादव | घुरन यादव | १०९२१ | सरल कृषि कर्जा | १,०००,०००।०० | १३३,१४८।१८ | २५,०००।०० | १,१५८,१४८।१८ |
| १०४ | ८४०२५२ | दुखी महतो कोईरी | अर्नमा ०५, सिरहा | असर्फी महतो | सरयुग महतो | | कृषि अनुदान कर्जा | १,०००,०००।०० | १४०,३३२।६३ | ८०,५२०।९४ | १,२२०,८५३।५७ |
| १०५ | ८४०७९६ | प्रमिला यादव | सिरहा ०८ | झन्रुद यादव | परी गोइत | ९३८५ | घरायसी कर्जा | १,०००,०००।०० | १४४,३०७।६७ | ११२,४११।५० | १,२५६,७१९।१७ |
| १०६ | १५८७७८४ | आशिष कुमार मण्डल | सिरहा न.पा. २१ | सुर्यनारायण मणल | सोनाइ मणल | १०००३ | सरल कृषि कर्जा | ९७५,०००।०० | १४७,२७७।२० | – | १,१२२,२७७।२० |
| १०७ | १९७५३७४ | विन्देश्वर बाखा फार्म प्रो.बिन्देश्वर धोवी | सिरहा न.पा. १९ | धनविर धोवि | खातर साफि | १०३७१ | कृषि अनुदान कर्जा | ४१५,०००।०० | १५०,००९।०५ | – | ५६५,००९।०५ |
| १०८ | १३२५१७४ | रुपेश जेनरल स्टोर | अर्नमा ०१, सिरहा | कुशे महतो | सहदेव महतो | ९७८४ | व्यपार कर्जा | २,०००,०००।०० | १५३,२६४।८५ | २०५,२२३।१० | २,३५८,४८७।९५ |
| १०९ | १८०३४९६ | गुरकी देवी हलुवाई | बन्गाठीया अर्नमा ०८, सिरहा | हरिलाल साह | नन्कु साह | १०३२५ | सरल कृषि कर्जा | ७००,०००।०० | १५८,८९९।७२ | – | ८५८,८९९।७२ |
| ११० | ८४०७१२ | सकुल देवी यादव | सिरहा ०१ | तपेश्वर यादव | गंगाइ यादव | ९३०४ | घरायसी कर्जा | ४००,०००।०० | १५९,०२३।२० | – | ५५९,०२३।२० |
| १११ | ८४०३०७ | प्रमोद कुमार यादव | राजपुर ०३ | भोला यादव | चौधरी यादव | ७४२१ | सरल कृषि कर्जा | ७००,०००।०० | १६३,७८६।९२ | – | ८६३,७८६।९२ |
| ११२ | ३०३९७४२ | घुरण यादव | बिष्णुपुर गा.पा.०४ | रामपृत यादव | अनुप यादव | ११०८९ | सरल कृषि कर्जा | ८००,०००।०० | १६४,५५८।०१ | – | ९६४,५५८।०१ |
| ११३ | १५५७६८१ | भोगिन्द्र पान पसल प्रो.भोगेन्द्र मण्डल | बिष्णुपुर गा.पा.०१ | सुकदेव मण्डल | दशैं मण्डल | ९९५५ | व्यपार कर्जा | ७५०,०००।०० | १६७,४९९।३७ | – | ९१७,४९९।३७ |
| ११४ | ८४०११५ | राम सफल तत्मा | सिरहा न.पा. ०९ | बौएलाल दास | महन्थी दास तत्मा | ४०६५ | सरल कृषि कर्जा | ८००,०००।०० | १६७,५७४।९२ | – | ९६७,५७४।९२ |
| ११५ | १३३१५६७ | सिदार्थ रेडिमेड एण्ड कपडा पसल प्रो.धर्मेन्द्र कुमार महतो | रामनगर मिर्चैया ०५ | धर्मेन्द्र कुमार महतो | चेत कुमार महतो | ७८१४ | व्यपार कर्जा | ७००,०००।०० | १६७,७५८।४५ | – | ८६७,७५८।४५ |
| ११६ | १२९८४५२ | आरती जनरल स्टोर प्रो.भोरिल यादव | बिष्णुपुर ०३, राजपुर | चलित्र यादव | विरण यादव | ९७४२ | व्यपार कर्जा | ७००,०००।०० | १७३,१६५।५४ | – | ८७३,१६५।५४ |
| ११७ | १३३९९९७ | दुर्गी देवी मुखिया | सिरहा ०७ | प्रभु मुखिया | बुधन मुखिया | ९८०५ | घरायसी कर्जा | ७५०,०००।०० | १७५,०५४।३३ | – | ९२५,०५४।३३ |
| ११८ | ८४०७३१ | रिना देवी | राजपुर ०४ | जयनाथ यादव | बुधन यादव | ९३२३ | सरल कृषि कर्जा | ९५०,०००।०० | १७८,६३९।४७ | – | १,१२८,६३९।४७ |
| ११९ | ८३९७६९ | मो. याकुव राइन | माडर ०१, सिरहा | मो.मौहम्मद मिया | ण | ६९३० | घरायसी कर्जा | १,०००,०००।०० | १८१,३५९।०२ | ९०,८९२।१४ | १,२७२,२५१।१६ |
| १२० | ८३९१०९ | कुशेश्वर धुरझार | सिरहा ०८, सिरहा | नथुनी धुरझार | पलट धुरझार | २८४७ | घरायसी कर्जा | १,०००,०००।०० | १८१,७०९।७८ | – | १,१८१,७०९।७८ |
| १२१ | १९१२१०९ | मधुसुधन यादव | सिरहा न.पा. २२ | बिन्देश्वर यादव | सोखिलाल यादव | १०४९८ | सरल कृषि कर्जा | १,३९०,०००।०० | १८१,८५७।१९ | ७७,८०४।५८ | १,६४९,६६१।७७ |
| १२२ | १५६७७४४ | आर.के.होटल, प्रो. रुपेश कुमार यादव | बिष्णुपुर गा.पा.०१, राजपुर | धनीराम यादव | विलक्षण यादव | ९८३१ | कर्मचारी कर्जा | १,७००,०००।०० | १८२,२६८।०० | – | १,८८२,२६८।०० |
| १२३ | १७१६९२८ | दिनेश यादव | सिरहा न.पा. ०८ | कुशेश्वर धुरझार | नथुनी धुरझार | ११०२६ | सरल कृषि कर्जा | १,५००,०००।०० | १८४,२०७।७६ | १५८,६७६।५६ | १,८४२,८८४।३२ |
| १२४ | १८२६२६७ | राम कुमारी यादव | कल्याणपुर, पिप्रा ०९, सिरहा | शत्रुधन यादव | लक्ष्मण यादव | १०३७६ | सरल कृषि कर्जा | ७००,०००।०० | १९०,९३७।७३ | – | ८९०,९३७।७३ |
| १२५ | १५०३४८५ | ललिता कुमारी साह | अर्नमा ०१, सिरहा | महाविर प्रसाद साह | लठु साह | ९८८९ | सरल कृषि कर्जा | २,०००,०००।०० | १९१,२७०।१४ | ६१,५९१।१९ | २,२५२,८६१।३३ |
| १२६ | १८६७०८६ | फुलझरी देवी यादव | पिप्रा ०४, सिरहा | राम उदगार यादव | पंची यादव | १०४७० | सरल कृषि कर्जा | १,०००,०००।०० | २०४,४४४।०५ | – | १,२०४,४४४।०५ |
| १२७ | १६५२३१६ | आशिष कन्स्ट्रक्सन प्रो. पाण्डव कुमार यादव | राजपुर ०२, सिरहा | लक्ष्मेश्वर यादव | रुपलाल यादव | | ग्यारेन्टी कल्याम कर्जा | १,१७९,४०१।१२ | २०८,४०१।२९ | – | १,३८७,८०२।४१ |
| १२८ | ८३९५७८ | जय प्रकाश कारक | लगडीगोठ ०२ | दर्पी कारक | सरुप कारक | ७६०२ | घरायसी कर्जा | २,४८०,०३१।०७ | २१५,३३५।८४ | – | २,६९५,३६६।९१ |
| १२९ | १९७७३७६ | न्यू हनुमान डेरी उधोग प्रो.नितु यादब | अर्नमा ०३, सिरहा | संतोश /कप्लेश्वर यादब | रामदेब यादब | १०७७२ | कृषि अनुदान कर्जा | ९५०,०००।०० | २१६,९७६।२७ | २९,७८७।६६ | १,१९६,७६३।९३ |

(बाँकी पृष्ठ ७ मा)

# नेप्से परिसूचक पाँच दशमलव ६० अङ्कले बढ्यो



काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक पाँच दशमलव ६० अङ्कले बढेर दुई हजार ७१ दशमलव ७७ को विन्दुमा कायम भएको हो ।मंगलबार तीन सय १९ कम्पनीको ९४ लाख ३५ हजार चार सय ५४ कित्ता शेयर ६० हजार आठ सय ५८ पटक खरिदबिक्री हुँदा रु चार अर्ब १८ करोड ७७ लाख ९६ हजार आठ सय ३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

मंगलबार बैंकिङ समूह शून्य दशमलव ४६, वित्त समूह दुई दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक समूह शून्य दशमलव ३२, होटल तथा पर्यटन एक दशमलव १२, जलविद्युत् एक दशमलव १८, लगानी एक दशमलव ७०, जीवन बीमा शून्य दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव ३४ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले बढेको छ ।

ग्लोबल आईएमई बैंक डिबेञ्चर २०८४/८५ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धैरै रु १४ करोड ८३ लाख आठ हजार १६ बराबरको रु दुई लाख २४ हजार नौ सय ९२ बराबरको कारोबार भएको छ ।रासस

# क्षमता विस्तारकालागि अवसर इक्विटी डाइभर्सिफाइड फण्ड मार्फत लगानी सुरक्षित

टुडे समाचारदाता

काठमाण्डु । नेपालमा विद्युतीय तार, केबल तथा कन्डक्टरको अग्रणी उत्पादक लिट्मस इन्डस्ट्रिज लिमिटेड र नेपालको पहिलो घरेलु निजी इक्विटी फन्ड अवसर इक्विटी डाइभर्सिफाइड फण्ड बीच लगानीमा सहकार्य गर्ने रणनैतिक साझेदारी भएको छ । परासी जिल्लामा अत्याधुनिक उद्योग स्थापना गरेर आफ्नो क्षमता विस्तार गर्ने योजना रहेको लिट्मस इन्डस्ट्रिजका लागि यो लगानी एउटा महत्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ ।



अवसर इक्विटीसँगको सहकार्यले लिट्मस इन्डस्ट्रिजको उत्पादन क्षमतामा वृद्धि गर्नुका साथै कम्पनीको सञ्चालनलाई सुव्यवस्थित बनाउँदै बजार उपस्थितिलाई थप मजबुत बनाउनेछ । यसका साथै उक्त लगानीले कम्पनीलाई, नवप्रवर्तन र उत्कृष्टताप्रतिको प्रतिबद्धता कायम राख्दै, ग्राहकको बढ्दो माग पूरा गर्न अझ सक्षम र सुदृढ बनाउनेछ

लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले साझेदारीको बारेमा आफ्नो उत्साह प्रकट गर्दै भन्नुभयो, "हाम्रो दूरदृष्टि र क्षमतामाथिअवसर इक्विटीको विश्वास हाम्रो समूह र कम्पनीको कडा परिश्रम र समर्पणको नतिजाहो । यो साझेदारीले हामीलाई हाम्रो सञ्चालनविस्तार गर्न, द्रुत गतिमा अत्याधुनिकीकरण गर्न र अन्ततःहाम्रा ग्राहकहरूलाई अझ गुणस्तरीय वस्तु र सेवाप्रदानगर्न साथै हाम्रा सरोकारवालाहरूमा कम्पनीको कुशलता र उत्कृष्टताको छापलाई अझ परिष्कृत बनाउन सक्षम बनाउनेछ ।"

"हामीले लिट्मस इन्डस्ट्रिजमा गरेको यो लगानी, आफु संलग्न उद्योगको नेतृत्व गर्न सक्ने र यथास्थितलाई बदल्दै नवप्रवर्तन मार्फत बजारको मागलाई सम्बोधन गर्न सक्ने, उच्च सम्भावना बोकेका अग्रणी कम्पनीहरूलाई सहयोग गर्ने हाम्रो प्रतिबद्धताको एउटा ज्वलन्त उदाहरण हो । हामी लिट्मस इन्डस्ट्रिजसँग नजिकबाट सहकार्य गर्न र उहाँहरूको सफलतामा योगदान पुऱ्याउन पाउँदा अत्यन्त उत्साहित छौं, " अवसर इक्विटी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र अवसर इक्विटी डाइभर्सिफाइड फण्डका लागि कोष प्रबन्धक ध्रुव तिमिल्सिनाले आफ्नो धारणा व्यक्त गर्नुभयो ।

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालको अग्रणी तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी हो । नेपाली तार, केबल तथा कन्डक्टर उत्पादकहरू मध्ये लिट्मस इन्डस्ट्रिज पहिलो र एक मात्र पब्लिक कम्पनी हो । सन् २०१४ देखि रमेश कर्पोरेसनको छातामुनि रहेको लिट्मसले देशको विद्युतीकरण र औद्योगिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।



| सि. नं. | कस्टमर आईडी | ग्राहकको नाम | ठेगाना | बावु/पति | बाजे/ससुरा | मिसिल नं. | कर्जाको उदेश्य | साँवा रकम | २०८१ जेष्ठ सम्मको व्याज रकम | अन्य पा.प व्याज | जम्मा तिर्नुपर्ने बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३० | १२३७४२० | विभाष किराना खुद्रा बिक्रेता प्रो.बिनोद कुमार यादब | विषणपुरा प्रा.म. ०९ | सुकन यादब | धनिकलाल यादब | ९६९४ | व्यपार कर्जा | १,५००,०००।०० | २१८,८१२।१९ | १,०३७।०० | १,७१९,८४९।१९ |
| १३१ | ८४१०१७ | बैजनाथ यादव | लक्ष्मीनिया ०४ | रामचन्द्र यादव | गुगली यादव | ९५५९ | घरायसी कर्जा | ४००,०००।०० | २२१,३५९।५७ | – | ६२१,३५९।५७ |
| १३२ | ५०१३३९७ | विजय पशु तथा कृषि फार्म प्रो.बिजय कुमार दास तत्मा | अर्नमा ०३, सिरहा | राम औतार दास | भगवान दास तत्मा | १०५८६ | कृषि अनुदान कर्जा | १,०००,०००।०० | २२२,२५२।५४ | – | १,२२२,२५२।५४ |
| १३३ | ८४०६४३ | राधा कुमारी | कृष्णपुर ०९ | जय कुमार सिंह | रामस्वरुप सिंह | ९९५८ | सरल कृषि कर्जा | ९५०,०००।०० | २३१,७४८।७६ | – | १,१८१,७४८।७६ |
| १३४ | १५४२९८५ | अंजली जनरल स्टोर | बिष्णुपुर ०१ | शिव कुमार यादव | कारी यादव | ९९३६ | व्यपार कर्जा | ९००,०००।०० | २३२,०८६।४४ | – | १,१३२,०८६।४४ |
| १३५ | १९६७२४५ | जगनाथ प्रसाद गडेरी | अर्नमा गा.पा.०३, सिरहा | फौदार साह | बद्री साह | १०६९० | सरल कृषि कर्जा | ९९०,०००।०० | २३३,४७७।०८ | – | १,२२३,४७७।०८ |
| १३६ | ८३९५३९ | राम जानकी कन्सट्रक्सन प्रो.जयप्रकाश कुसियैत | सिरहा ०८, सिरहा | राजेश्वर कुसियैत | शिबलाल कुसियैत | ७५९६ | संस्थागत ओडि. कर्जा | २,२००,०००।०० | २३५,८५०।२९ | – | २,४३५,८५०।२९ |
| १३७ | ८४००१० | सोना बति यादव | गौरीपुर ०९ | माधुरी यादव | शिवलाल यादव | ७८२३ | घरायसी कर्जा | २००,०००।०० | २४०,२३८।८८ | – | ४४०,२३८।८८ |
| १३८ | ८४०८४१ | विजय कुमार यादव | सिरहा ०१ | शिवनाथ यादव | विष्णुदत्त यादव | ९४२६ | घरायसी कर्जा | ४००,०००।०० | २५०,३९४।४४ | – | ६५०,३९४।४४ |
| १३९ | ५१९१७९९ | बालेश्वर यादव | बिष्णुपुर गा.पा.०४ | अनिरुद्ध कुसियैत | छोरा रोशन नेपाल | १०९८५ | सरल कृषि कर्जा | २,०००,०००।०० | २५२,६५७।९४ | २०४,५९१।७६ | २,४५७,२४९।७० |
| १४० | ८४०१३६ | सुरेखा देवी यादव | सिरहा न.पा. ०४ | राज कुमार यादव | राम रिझण यादव | ७८८२ | सरल कृषि कर्जा | २००,०००।०० | २५३,७९८।१३ | – | ४५३,७९८।१३ |
| १४१ | ८४०२९९ | गंगा यादव | राजपुर ०३ | हरिदयाल यादव | गुल्मी यादव | ३४१४ | सरल कृषि कर्जा | १,०००,०००।०० | २५६,२१५।२९ | – | १,२५६,२१५।२९ |
| १४२ | ५०४३१४३ | जयनाथ यादव | इटाटार ०३, सिरहा | जुगेश्वर यादव | सुबइ यादव | १०९३७ | सरल कृषि कर्जा | १,०००,०००।०० | २५६,६८२।५१ | – | १,२५६,६८२।५१ |
| १४३ | १९५८९१० | रानीवती देवी यादव | विष्णुपुर गा.पा.०१, सिरहा | धनीराम यादव | बौधी यादव | १०६३७ | सरल कृषि कर्जा | ९००,०००।०० | २५८,३४३।४७ | – | १,१५८,३४३।४७ |
| १४४ | ८४०८८५ | सम्पैत बिउ उतपादन तथा बिर्कि केन्द्र प्रो.समपैत देवी यादब | सन्हैठा ०३ | जगदिश चन्द्र यादव | रासलाल यादव | ११०६५ | कृषि अनुदान कर्जा | ३,०००,०००।०० | २६४,३१२।३४ | ४०,०००।०० | ३,३०४,३१२।३४ |
| १४५ | ८३९६१६ | कपिलदेव यादव | थलहा कटहा ०२, सिरहा | विलटी यादव | कुमर यादव | ७६०८ | घरायसी कर्जा | १,०००,०००।०० | २६७,२९२।३७ | – | १,२६७,२९२।३७ |
| १४६ | ८३९९२९ | कपिलदेव यादव | सिरहा न.पा.०८, सिरहा | सुबध यादव | अरुण यादव | ५६७७ | व्यक्तिगत ओडि कर्जा | ९००,०००।०० | २७४,६७५।१४ | – | १,१७४,६७५।१४ |
| १४७ | १८०४१८६ | राम उदगार यादव | लक्ष्मीपुर, लक्ष्मीनिया ०३, सिरहा | बुचन यादव | शिवनाथ यादव | १०३४९ | सरल कृषि कर्जा | १,०००,०००।०० | २७६,१२८।४४ | – | १,२७६,१२८।४४ |
| १४८ | १८४२८०३ | एस के कृषि फर्म | अर्नमा गा.पा.०३, सिरहा | लक्ष्मी महतो | सरजुग महतो | ९४२३ | कृषि अनुदान कर्जा | १,२८५,०००।०० | २९४,१९९।१९ | – | १,५७९,१९९।१९ |
| १४९ | १२०८२२४ | सिद्धान्त मदिरा पसल | सिरहा न.पा. १२ | श्याम कुमार महतो | उपेन्द्र महतो | ९६४४ | घरायसी कर्जा | ६००,०००।०० | २९४,५८८।१२ | – | ८९४,५८८।१२ |
| १५० | १२०८२२४ | सिधान्त मदिरा पसल प्रो.श्याम कुमार महतो | धुरर्मी बजार मिर्चैया, सिरहा १२ | ओपिन्द्र महतो | रोहित महतो | ९६४४ | व्यपार कर्जा | ६००,०००।०० | २९५,२४१।५४ | ९९९।०० | ८९६,२४०।५४ |
| १५१ | ८४०२८६ | प्रमोद महतो | अर्नमा ०७, सिरहा | लखन महतो कोइरी | बाबु लाल महतो | ७९९३ | कृषि अनुदान कर्जा | ३००,०००।०० | ३३९,६१९।२५ | – | ६३९,६१९।२५ |
| १५२ | १३०५१७८ | पप्पु किराना पसल प्रो.फुलो देवी साह | बिष्णुपुर गा.पा.०१ | बद्री साह | पंची साह | ७९६० | व्यपार कर्जा | १,२००,०००।०० | ३४०,९०१।३२ | – | १,५४०,९०१।३२ |
| १५३ | ५२१७६५५ | अन्सु विकाश कृषि तथा पशुपन्क्षी माछा फार्म प्रो.निरज कुकमार शर्मा | कल्याणपुर १२, सिरहा | रामलोचन ठाकुर | सत्यनारायण टाकुर | १११३४ | कृषि अनुदान कर्जा | १,५००,०००।०० | ३६१,६९५।६४ | ४४,२९५।२१ | १,९०५,९९०।८५ |
| १५४ | ५२०६९५८ | सुनिता कृषि फर्म प्रो.सुनिता कुमारी यादब | बिष्णुपुर ०४, सिरहा | सोभित नारायण यादव | बौएलाल यादव | ११०९२ | कृषि अनुदान कर्जा | १,५००,०००।०० | ३८६,५४३।६६ | ३९,०३०।०० | १,९२५,५७३।६६ |
| १५५ | ५२०६७६४ | साह पोल्टी फर्म | सिरहा ०५, सिरहा | उलफात साह | मोहमदिन साह | ११०८८ | कृषि अनुदान कर्जा | १,५००,०००।०० | ४३७,२७४।०१ | ३९,०००।०० | १,९७६,२७४।०१ |
| १५६ | १९५८९२६ | राम कुमार ठाकुर | विष्णुपुर गा.पा.०१, सिरहा | जोगिन्दर ठाकुर | खखन ठाकुर | ९६४७ | सरल कृषि कर्जा | २,०००,०००।०० | ४७४,८४६।४२ | – | २,४७४,८४६।४२ |
| १५७ | ८४०८२३ | सोमिन्त्रा देवी मण्डल | राजपुर ०६ | गणेशी मण्डल | पुजन मण्डल | ९४१६ | घरायसी कर्जा | ४००,०००।०० | ४८४,२७४।१९ | – | ८८४,२७४।१९ |
| १५८ | ८४०१९६ | जुलेखा खातुन | सिरहा न.पा. ०९ | कैलुन मिया | गर्भा मिया | ७९३१ | घरायसी कर्जा | ४५०,०००।०० | ४८९,८८९।७२ | – | ९३९,८८९।७२ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर



## भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

जिल्ला धनुषा गोपालपुर गा.वि.स. वडा नं. ०५ हाल क्षीरेश्वरनाथ न.पा. वडा नं.१० मा बस्ने सत्यनारायण यादवको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा जिल्ला धनुषा गोपालपुर गा.वि.स. वडा नं.६ क्षीरेश्वरनथ न.पा. वडा नं.१० मा बस्ने सानो यादव मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान् श्रीमती, बाबु,आमा,छोरा, छोरी, बुहारी, नाती ,नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीत छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु । तर उक्त जग्गाको मोही सानो यादवको लगतमा हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पुर्जा तथा श्रैस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी सत्यनारायण यादवले मिति २०८०/१०/०२ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही सानो यादव वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८०/०३/१० मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना पूकाशित गरिएको छ । दावी जग्गाबाट मोही सानो यादव को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दावि जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

| सि.न. | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | गोपालपुर | ६क | २११ | ०-४-१६-० | सानो यादव | सत्यनारायण यावद |



## श्री कृषि बजार व्यवस्थापन समिति
### मिथिला नगरपालिका–६, ढल्केवर, धनुषा

**क्याटलग सपिङ्ग विधिबाट Single cab pick-up खरीद सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०३/१२ गते

यस समितिले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई धनुषाको अनुदान सहयोगमा सिङ्गल क्याव पिकअप गाडि सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ बमोजिम (क्याटलग सपिङ्ग) बिधीबाट खरिद गर्नु पर्ने भएकोले देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तरको सिङ्गल क्याब पिकअप आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा सोको आधिकारीक विक्रेताहरुले आफ्नो कम्पनी/फर्म दर्ता, ऐजेन्सी दर्ता, लेटर अफ अथोराईजेशन (आधिकारीक प्रमाणपत्र) र आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्र लगायतका कागजातहरुको प्रतिलिपि समावेश गरि प्रस्तावित मूल्य र सुविधा सहितको विवरण, क्याटलग वा ब्रोसर समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस समितिको कार्यालयमा सिलवन्दी निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा सोको आधिकारीक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N | Item | Requirement (General Specification) | Remarks |
|---|---|---|---|
| 1 | Single Cab Pick-up | Four strokes, Four cylinder,Water-cooled diesel engine. Engine volume should be 2000-2600cc developing max. Rated power should not be less than 60 hp and torque not less than 180 N-m at governed RMP. | General Specification मा उल्लेख नभएका कुराहरु Technical Specification बमोजिम हुनेछ । |

**नोट**: रित नपुगेको र म्याद नाघि आएको आवेदन उपर कारबाही गरिने छैन ।

यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा फोन नं. ९८४४०२१३२४,९८४४०२२६८९, वा इमेलः apmmcdhalkewar@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

अध्यक्ष



## श्री माध्यमिक (०–१०) विद्यालय बरमझिया

**शिक्षक आवश्यकता सम्बन्धमा विज्ञापन सूचना**

यस विद्यालयमा तपशिल बमोजिमको करार शिक्षक पद पूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट आवेदन पेश गर्न यो विज्ञापन गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण सरोकारबालाहरुलाई सहर्ष जानकारी गराउदै सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | विषय | नियूक्तिको प्रकार | पद संख्या | तह | शैक्षिक योग्यता | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | विज्ञान | करार/शिक्षण सहयोग अनुदान (संघीय) | १ | माध्यमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उर्तिण (Bsc.Ag/Msc.Ag गरी स्थायी अध्यापन अनुमति प्राप्त लाई विषेश प्राथमिकता) | १५००।०० | दोस्रो पटक विज्ञापन |
| २ | ०५/०८०/०८१ | | करार/राहत कोटा | १ | प्राथमिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ तह वा सो सरह उर्तिण गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त महिला मात्र । | १०००।०० | प्रथम पटक विज्ञापन |

**शर्तहरू तथा आवश्यक योग्यता**

१. शिक्षा नियमावली २०५९ (संसोधन सहित को नियम ९७ र शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) को नियम ९ बमोजिम योग्य भएको ।
२. शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) को नियम १० बमोजिम आयोग्य नभएको ।
३. **तलव सुविधाः** प्रचलित कानून बमोजिम ।
४. **परिक्षाको किसिमः** लिखित, अन्तरवार्ता, (आवश्यक परेमा प्रयोगात्मक)
५. बुँदा नं. ४ मा जुन सुकै कुरा लेखिएको भएपनि शिक्षक सेवा आयोगको सम्बन्धित तह र विषयको पछिल्लो करार सुचिको प्रमाणित उम्मेदवारको हकमा करार योग्यता क्रमानुसार छनौट गरिने छ ।
६. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०३/२० गते बेलुका ४:०० बजे सम्म ।
७. **दरखास्त फारम पाउने तथा पेश गर्ने स्थानः** श्री मा.वि. बरमझिया, धनुषा लेखा शाखा ।
८. विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार विद्यालयको शिक्षक छनौट समितिमा हुने छ ।
९. **दरखास्त फारम काथ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यता (SEE/SLC देखिको चारित्रिक तथा लब्धाङ्क) प्रमाण पत्र, सम्बन्धित तह वा सो भन्दा माथिल्लो तहको स्थायी अध्यापन अनुमति पत्रको उम्मेदवार आफैले प्रमाणित गरेको प्रतिलिपि, परिक्षा दस्तुर तिरेको सक्कलै भौचर ।
१०. दरखास्त फारम दर्ता गराएका उम्मेदवारको नामावली प्रकाशन गरिने मितिः २०८१/०३/२१ गते ।
११. **सम्पर्क मितिः** २०८१/०३/२२ गते ।
१२. **परिक्षा मितिः** पछि प्रकाशन गरिने छ ।
१३. सम्पूर्ण विज्ञापनको लागि कम्प्यूटर सम्बन्धि सीप हासिल गरेको उम्मेदवारलाई प्राथमिकतामा राखिने छ ।
१४. **सर्म्पक नं.** लेखाः ९८१५८९९०३७, प्र.अ.: ९८००८८८१०१

प्रधानाध्यापक

# सम्झौता विपरीत नदीजन्य पदार्थ उत्खनन गरिएको निष्कर्ष




**टुडे समाचारदाता**

जनकपुरधाम । छानबिन समितिले बडहडी खोलामा अनधिकृत उत्खनन गरी ठेकेदारले अनियमितता गरेको जिल्ला प्रशासन कार्यालय धनुषाले गठन गरेको निष्कर्ष निकालेको छ ।

गत जेठ २८ गते जिल्ला समन्वय समिति धनुषाका इन्जिनियर अजयकुमार यादवको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिले ठेकेदारले अनियमितता गरेको निष्कर्षसहित मंगलबार प्रतिवेदन बुझाएको छ । सो समितिले धनुषाको बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोला उत्खननका लागि गाउँपालिकाले लगाएको ठेक्का सम्झौतामा उल्लेख भएको परिमाणको पाँच गुणा बढी गिट्टी बालुवा उत्खनन गरेको प्रतिवेदनमा उल्लेख रहेको प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले बताए ।

उनले भने, 'छानबिन समितिले बुझाएको नापजाँचसहितको प्रतिवेदनमा सम्झौता विपरीत पाँच गुणा बढी नदीजन्य पदार्थ उत्खनन गरेको पाइएको छ । अब बैठक बसेर के कसरी कारबाही प्रक्रिया अघि बढाउने भन्ने विषयमा छलफल हुन्छ ।'

बटेश्वर गाउँपालिकाले गत फागुन ६ गते महोत्तरी बर्दिबासको पञ्चधुरा सप्लायर्सलाई १४ हजार चार सय ४५ घटमिटर नदीजन्य पदार्थ उत्खननको लागि २७ लाख ९ हजार १ सय तीन रुपैयाँमा ठेक्का लगाएको थियो ।

ठेक्का सम्झौताअनुसार ठेकेदारले १५ जेठ २०८१ सम्म उक्त परिमाण उत्खनन गर्न पाउने थियो । तर ठेकेदार कम्पनीले सोलगायत ३२ बुँदे सम्झौतामध्ये अधिकांश बुँदा पालना नभएका देखिएको सो प्रतिवेदनमा उल्लेख गरिएको छ । ठेकेदारले जेसिबी, स्काभेटर जस्ता ठूला यन्त्र प्रयोग गरी २५ फिटसम्म गहिरो खाडल बनाएर नदीजन्य पदार्थ उत्खनन गरेको प्रतिवेदनमा उल्लेख छ । खाडलका कारण सो वरिपरिका वस्तीहरु निरशपुर, विजयपुर र चित्रपुर बस्ती बाढीपहिरोको जोखिममा परेका छन् ।

गत जेठ दोस्रो साता प्रजिअ कडरियाले खोलाको अनुगमन गरी कारबाहीका लागि गाउँपालिका कार्यालयलाई पत्राचार गरेका थिए । जनप्रतिनिधि र पालिका कर्मचारीले बेवास्ता गरेपछि गत जेठ २८ गते उनले जिल्ला समन्वय समिति धनुषाका इन्जिनियर यादवको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेका थिए । सो समितिमा बटेश्वर गाउँपालिका र हुलाकी सडक निर्देशनालयका इन्जिनियर सदस्य छन् ।

# परम्परामा आधारित चलचित्र निर्माणमा जोड

मिथिलाञ्चल क्षेत्रमा कला, प्रतिभा र सभ्यता संस्कृतिले समृद्ध भएको चर्चा गर्दै मुख्यमन्त्री सिंहले मैथिली भाषा, सभ्यता र संस्कृति समृद्धि साहित्य तथा संस्कृतिको विकासमा "फिल्म फेस्टिभल"ले ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मिथिलाको सभ्यता संस्कृतिमा आधारित चलचित्र निर्माण गर्नुपर्ने बताएका छन् ।

जनकपुरधाममा मंगलबार मुख्यमन्त्री सिंहले टिभि सिरियलदेखि चलचित्रसम्म समाजमा विकृति फैलाउने गरी निर्माण तथा प्रदर्शन भइरहेकोले परम्परामा आधारित चलचित्र निर्माण गर्नुपर्ने बताए ।

मिथिलाञ्चल क्षेत्रमा कला, प्रतिभा र सभ्यता संस्कृतिले समृद्ध भएको चर्चा गर्दै मुख्यमन्त्री सिंहले मैथिली भाषा, सभ्यता र संस्कृति समृद्धि साहित्य तथा संस्कृतिको विकासमा 'फिल्म फेस्टिभल'ले ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले मैथिली भाषामा राम्रा चलचित्र निर्माण हुनु गौरवको विषय भएको बताए । मिथिलाको कला, धर्म, संस्कृतिलाई जोडेर पर्यटकीय सर्किटसहितको भिडियो डकुमेन्ट्रीलगायतका सामग्री निर्माण गरेमा प्रदेश सरकार सहयोग गर्न तयार रहेको बताए ।

वरिष्ठ कलाकार नीर शाहले पाश्चात्य चलचित्रकर्मीहरु पुर्वीय आधारित चलचित्र निर्माण गर्न खाजी रहेकाले सो फिल्म निर्माण गर्न तर्फ लागेर अन्तर्राष्ट्रिय बजार निर्माण गर्नमा जोड दिए ।

उनले मैथिली भाषाको अन्तर्राष्ट्रिय फिल्म




फेस्टिभलले विविधता बीचको एकतालाई मजबुत बनाउनुका साथै राष्ट्रिय एकतालाई बलियो बनाउने विचार व्यक्त गरे ।

सो कार्यक्रममा महोत्सवका निर्देशक रमेश रञ्जन, जनकपुरधाम उपमहानगरपालिकाकी उपमेयर किशोरी साह, गायक सुनिल मल्लिक, अभियानी विभा झालगायतका वक्ताहरुले मैथिली भाषाको अन्तर्राष्ट्रिय 'फिल्म फेस्टिभल'ले भाषा, संस्कृति तथा कलाको संरक्षणको आवश्यकतामा जोड दिए ।

'फेस्टिभल'मा मिथिलाञ्चल क्षेत्रका प्रसिद्ध कलाकार, लेखक, गायक तथा निर्देशक सहभागी रहेका छन् । दुई दिनसम्म चल्ने 'फिल्म फेस्टिभल' संघीयता कार्यान्वयन भएपछि पहिलो पटक आयोजना गरिएको छ । जनकपुरधाम उपमहानगरपालिका तथा लोक सञ्चारको संयुक्त आयोजनामा जनकपुरधामको गिरिजा चलचित्र मन्दिरमा सुरु भएको ' फेस्टिभल'मा ललका पाग, लोटस ब्लुम्स, समानान्तर गरेर तीन वटा फिचर फिल्मको प्रदर्शन हुने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

त्यस्तै वृत्तचित्र गुमकी र विद्यापत तथा लघु फिल्म रक्त तिलक, अफवाह प्रदर्शन हुने महोत्सवका निर्देशक झाले जनाएको छ ।

# प्रजातान्त्रिक विचार समाज धनुषाको अध्यक्षमा झा



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रजातान्त्रिक विचार समाज धनुषाको अध्यक्षमा नवीन झा मनोनित भएका छन् । समाजको केन्द्रीय समितिले झालाई धनुषा अध्यक्षको जिम्मेवारी दिएको छ ।

प्रजातान्त्रिक विचार समाज नेपाली कांग्रेस निकट बुद्धजीविहरुको संगठन हो । यसले प्रजातान्त्रिक मूल्य र मान्यतामा आधार भएर विचार निर्माणमा सक्रिय रहँदै आएका छन् ।

धनुषा शाखाका अध्यक्षको जिम्मा पाएका झा नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य समेत हुन् ।

धनुषा शाखाको अध्यक्षको जिम्मा पाएपछि झाले आफ्नो नेतृत्वमा जिल्ला कमिटी निर्माण गर्नुको साथै मधेश प्रदेशका अन्य जिल्लाहरुमा समेत जिल्ला शाखाहरु गठन गर्ने जनाएका छन् ।

# मुख्यमन्त्री सिंहको सिस्टको शल्यक्रिया गराए सरकारी अस्पतालमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले टाउकामा भएका सिस्टको शल्यक्रिया प्रादेशिक अस्पताल जनकपुरधाममा गराएका छन् ।

जनकपुरधाममा मंगलबार निजी क्षेत्रका सुविधासम्पन्न अस्पताल हुँदाहुँदै पनि उनले सरकारी अस्पतालमा शल्यक्रिया गराएका छन् । मुख्यमन्त्री सिँह प्रतिष्ठानका कुलपति समेत छन् ।

उनको टाउकामा भएको सिस्टको शल्यक्रिया करिब १५ मिनेटसम्म भएको र त्यसपछि उनी सामान्य अवस्थामा कामकाजमा फर्किसेकेको शल्यक्रियामा संलग्न सर्जन डा. अश्विनी यादवले जानकारी दिए ।

शल्यक्रियापछि उनले अस्पतालमा थप पूर्वाधार विकास, जनशक्ति र सरसफाइ व्यवस्थापन आवश्यक रहेको भन्दै ती कामका लागि प्रदेश सरकारले अग्रसरता लिने बताए ।

# क्याम्पस प्रमुखको हत्या आरोपमा पक्राउ

**टुडे समाचारदाता**

बारा । क्याम्पस प्रमुखको हत्या गरेको घटनामा बारामा प्रहरीले सात जनालाई पक्राउ गरेको छ ।

जेठ ३२ गते कलैयास्थित रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको हत्या भएको घटनामा सातजनालाई पक्राउ गरिएको बाराका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दधिराम न्यौपानेले जनाएका छन् ।

हत्या आरोपमा पक्राउ पर्नेमा बारा खजुरिया टोलका ३२ वर्षीय अवधलाल प्रसाद कुशवाहा, २९ वर्षीय चांदसी प्रसाद कुशवाहा, २७ वर्षीय चुल्हाई भन्ने श्रवण कुमार साह र ५० वर्षीय ब्रह्मदेव राम रहेको जनाइएको छ ।

त्यस्तै बाराकै ५० वर्षीय मोतीलाल चौधरी, ३४ वर्षीय राधेश कुमार पटेल र ५४ वर्षीय विनोद राउत कुर्मी पक्राउ परेको उनले बताए । उनीहरूको साथबाट तीनवटा मोटरसाइकल, ६ राउन्ड गोली, विभिन्न मोबाइल, ल्यापटप र नेपाली तथा भारतीय सिम कार्ड समेत बरामद गरेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए ।

पक्राउ परेकाहरु माथि कर्तव्य ज्यान तथा हातहतियार खरखजाना मुद्दा चलाउन बारा जिल्ला अदालतबाट ६ दिन म्याद थप भई अनुसन्धान भइरहेको उनले बताए ।

कुशवाहामाथि आदर्शकोतवाल गाउँपालिका-३ स्थित बतरा भन्ने स्थानमा गोली प्रहार भएको थियो । घर जानेक्रममा उनीमाथि मोटरसाइकलमा आएका दुई जनाले पछाडिबाट गोली प्रहार गरेका थिए । पिठ्युँमा गोली लागेको प्रधानाध्यापक कुशवाहाको उपचारको क्रममा वीरगन्जस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो ।

यसअघि नै प्रहरीले घटनामा संलग्न रहेको आशंकामा दुई जनालाई नियन्त्रणमा लिएको थियो ।

# वन अतिक्रमित घर भत्काइयो



**टुडे समाचारदाता**

लहान । वन अतिक्रमण गरी बनाइएको चार कोठे भवन डिभिजन वन कार्यालय लहानले भत्काएको छ ।

गोलबजारमा मंगलबार चोहर्वा ब्यारेक नजिक रहेको स्थानीय सत्यदेव यादवले वन अतिक्रमण गरी बनाएको चार कोठे भवन भत्काइएको छ ।

निर्माणाधीन अवस्थामै वन कार्यालयले निर्माण कार्य रोक्न भन्दासमेत वनको अतिक्रमण नियन्त्रण गर्ने योजना अनुसार घर भत्काइएको डिभिजनल वन कार्यालय लहानका अधिकृत सुजीत कुमार झाले जनाए ।

अधिकृत झाले वनको जमिनमा घर निर्माणकै क्रममा हामीले पटक पटक मौखिक तथा लिखित जानकारी गराउँदा-गराउँदै २०७९ को निर्वाचनको समय पारेर घर निर्माण गरेको बताए ।

कार्यालयबाट १५ दिने सूचना काटेर आज नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहयोगमा जग्गा खाली गराएको जानकारी दिए। सोही वडाका वडा अध्यक्ष सुरेन्द्र कुमार सिंहले पनि निर्माणको क्रममा आफूले लिखित र मौखिक रुपमा घर नबनाउन भनेपनि उनले अटेर गरेर घर बनाएको उनले बताए ।

# ब्राउन सुगरसहित पक्राउ




**टुडे समाचारदाता**

बारा । लागूऔषध ब्राउन सुगरसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा पर्साको वीरगञ्ज महानगरपालिका-३२ का ३० वर्षीय मुनिलाल प्रसाद रौनियार, पोखरिया नगरपालिका-२ का १९ वर्षीय दीपेन्द्र शर्मा र पकाहामैनपुर गाउँपालिका-४ स्थित खेस्राहाका १९ वर्षीय भिम गिरी रहेका छन् ।

वीरगञ्जबाट नारायणगढतर्फ जाँदै गरेको ना ६ ख ६०५९ नम्बरको यात्रुवाहक बसलाई रोकेर चेकजाँचसमेत गरेको थियो । सो क्रममा बसमा चालक बस्ने सिटमुनि लुकाइछिपाइ राखेको अवस्थामा लागूऔषध खैरो हेरोइन बरामद भएको बाराका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । आरोपीहरुको साथबाट खैरो हेरोइन ९ ग्राम ७६० मिलिग्राम फेला पारेको प्रवक्ता न्यौपानेले बताए ।

पक्राउ परेका आरोपीहरुमाथि लागूऔषध सम्बन्धी मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

# 'महिलालाई सम्पत्ति र घरपरिवारमा निर्णायक अधिकार आवश्यकता'

**टुडे समाचारदाता**

जनकपुरधाम । विदेह नगरपालिकाकी उपमेयर आशा देवी झाले सामाजिक रुपान्तरणका लागि महिला सशक्तिकरण आवश्यकता रहेको बताएकी छन् ।

विदेह नगरपालिकास्तरीय महिला अधिकार मञ्च गठनको क्रममा उपमेयर झाले महिलाहरु अझै पनि आफ्नो अधिकारबारे सचेत नहुँदा समाजमा महिलामाथि विभिन्न किसिमले हिंसाहरु भइरहेकाले यसप्रति गम्भीर हुनसमेत आग्रह गरिन् ।

उनले महिलाहरुलाई जबसम्म सम्पत्ति र घरको महत्वपूर्ण कामको निर्णयको क्रममा सोधखोज नभएसम्म अधिकारविहीन झैं रहने गरेकाले घरपरिवारले यसप्रति ध्यान दिनुपर्ने बताइन् ।

धनवन्ती प्रधानको अध्यक्षतामा १९ सदस्यीय महिला अधिकार मञ्च विदेह नगर समिति गठन गरिएको छ । सो समितिको उपाध्यक्षमा निर्मलादेवी पासवान, बबिताकुमारी मण्डल, सहसचिवमा फलझारो मण्डल र कोषाध्यक्षमा रामो देवी पण्डित रहेकी छन् ।

त्यस्तै सदस्यहरुमा गीता देवी दास, मञ्जु झा, अमना खातुन, मोमिन खातुन, घुर्नी देवी महरा, प्रमिला कुमारी पासवान, सरिता मण्डल, निर्मला देवी महरा, कल्पना कुमारी मण्डल, कौशिला देवी पण्डितलगायतका रहेकी छन् ।

दुई दिनसम्म चलेको महिला भेला तथा



महिला अधिकार मञ्च गठन कार्यक्रममा विदेह नगरपालिकाकी कार्यपालिका सदस्य सुधिरा देवी चौधरीलगायतको समेत सहभागिता रहेको थियो ।

त्यसैगरि लक्ष्मीनिया गाउँपालिकाको उपमेयर फुलकुमारी यादवनीको प्रमुख आतिथ्यतामा चलेको दुई दिवसीय कार्यक्रमबाट कुश्मा देवी मालीको अध्यक्षतामा १७ सदस्यीय महिला अधिकार मञ्च लक्ष्मीनिया गाउँपालिका समिति गठन गरिएको छ ।

सो समितिको उपाध्यक्षमा निर्मला कुमारी साह, सचिवमा सरिता मण्डल, सहसचिवमा मञ्जु शर्मा र कोषाध्यक्षमा पवन देवी दासलगायतका रहेकी छन् ।

# अवैध इट्टा उद्योग संचालनमा

**बखतियार अलि**

मलंगवा । सर्लाहीमा अधिकांश इट्टा उद्योगहरु दर्ता नै नगरी अवैधरुपमा संचालनमा रहेको पाइएको छ ।

जिल्लामा संचालित इट्टा उद्योगहरु मध्ये कयौं उद्योगहरु अहिले पनि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता नै नगराई गैर कानुनी तवरले संचालन भई रहेको जनाइएको छ ।

जिल्लाको हरिऔन नगरपालिका र लालबन्दी नगरपालिकामा संचालित कयौं इट्टा उद्योगहरु दर्ता बिना नै निर्वाधरुपमा संचालनमा रहेका छन् ।

अहिले सम्म १ सय ३४ वटा इट्टा उद्योगहरु घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीमा दर्ता रहेको छ। तर ती दर्ता भएका उद्योगहरुले पनि बोर्ड नराखेको, भ्याटमा दर्ता नभएको, बिल बीजक नराखिएकोसमेत पाइएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीका प्रमुख संजिव कुमार दुबेले



दर्ता नभएका इट्टा उद्योगलाई र दर्ता भए पनि बोर्ड नराख्ने उद्योगहरुलाई समेत कानुनी दायरामा ल्याई कारबाही प्रक्रिया अघि बढाइने बताए ।

उनले हालै जिल्लामा ५० वटा उद्योगहरुको अनुगमन गर्ने क्रममा अधिकांश उद्योगहरु दर्ता नै नभइ अवैधानिकरुपमा संचालनमा रहेको पाइएको बताउँदै कार्यालय प्रमुख दुबेले बिल बीजक र बोर्डसमेत राख्न निर्देशन समेत दिएको बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८